अभियान साप्ताहिक अब अनलाइन संस्करणमा पनि
www.abhiyanweekly.com.np

# अभियान साप्ताहिक

ABHIYAN WEEKLY

Devendrachudal@gmail.com

वर्ष : ४३ / अंक : २२ / २०८२ पुस ११ गते शुक्रबार / नेपाल सम्वत ११४६ / Dec. 26, 2025 / मूल्य रु. १०/-

हामीलाई www.abhiyanweekly.com.np मा पनि पढ्न सकिन्छ ।

## यो सरकार विष बृक्ष सिद्धान्तमा बनेको हो

काठमाडौं । भाद्र २३ र २४ गते भएको विरोध प्रदर्शनपछि असम्वैधानिक रूपमा सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश रहिसकेकी सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरिनु र संसद विघटन गरिनु समेत असम्वैधानिक कार्य हो । असम्वैधानिक तवरबाट सरकार गठन गरिनु र संसद विघटन गरिनु अनि कार्की सरकारले गरेका काम कारबाही स्वत असम्वैधानिक नै हुनेछन् । यो सरकार बृष बृषको सिद्धान्त अनुसार गठन गरिएको वरिष्ठ अभिवक्ता रमेश वडालले बताएका छन् ।

उनले भनेका छन् जेनजीसँग गरिएको १० बुँदे सहमतिमा संविधान संशोधन गर्ने भनिएको छ भन्दै उनले भने राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा २ वटामात्र म्याण्डेट दिएका छन् ती हुन् आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन

बाँकी ८ पेजमा

# विष बृक्ष रोपेर राम्रो फलको आशा नगरौं

## संसद पुर्नस्थापना पहिला, दोस्रोमा संविधान संशोधन र सर्वदलीय सरकार त्यसपछि निर्वाचन

देवेन्द्र चुडाल

काठमाडौं । भाद्र २३ र २४ गते भएको जेनजीहरूको विरोध प्रदर्शन र त्यही विरोध प्रदर्शनमा घुसपैठ गरेका व्यक्तिहरूले भाद्र २४ गते गरेको विध्वंसात्मक आगजनी र तोडफोडको जगमा टेकेर प्रधानमन्त्री बन्न सफल भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहिसकेकी सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा संविधानको ठाडो उल्लंघन भएको थियो ।

नेपालको संविधानमा प्रधानमन्त्रीको नियुक्त गर्दा संसदबाहेक अरू कसैले गर्न सक्ने प्रावधान नरहेको र संविधानले नै सर्बोच्च अदालतको प्रधानन्यायाधिश र न्यायाधिश रहिसकेका व्यक्ति मानव अधिकार आयोग बाहेक अन्य सबै नियुक्तिका लागि अयोग्य रहने व्यवस्था गरेको छ ।

भाद्र २७ गते मध्यरातमा राष्ट्रपति रामचन्द्र पौडेलले संविधानको उल्लंघन गर्दै आवश्यकताको सिद्धान्त अनुसार भन्दै असम्वैधानिक तवरबाट सुशिला कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गरेका थिए । कार्कीले आफू प्रधानमन्त्रीमा नियुक्त भएको एक घण्टा नबित्दै प्रतिनिधिसभा



विघटन गर्ने सिफारिस राष्ट्रपति समक्ष गरेकी थिइन् त्यही सिफारिसका आधारमा राष्ट्रपतिले संसद विघटन गरेका थिए ।

संसद आफैंले बाहेक अरू कसैले विघटन गर्न सक्ने अधिकार संविधानले कसैलाई दिएको छैन । राष्ट्रपति संविधानको पालक र संरक्षक रहने व्यवस्था संविधानमा रहेकोमा राष्ट्रपतिले यी दुवै कार्य गर्न सकेको देखिएन । संविधानको पालक र संरक्षक रहेपनि उनले यी दुवै असम्वैधानिक कार्य गरेर संविधान विपरित प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गर्न राष्ट्रपति पदकै दुरूपयोग समेत हो ।

राष्ट्रपतिले प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गर्दा मुख्य गरी २ वटा म्याण्डेट दिएका थिए । जसमा आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने र अर्को भनेको दैनिक कार्य सञ्चालन थियो । तर कार्की सरकारले निर्वाचित सरकारलाई अप्ठ्यारो पार्ने गरी दुरगामी निर्णयहरू समेत गर्दै आएको छ भने जसको जगमा टेकेर उनी प्रधानमन्त्री बन्न सफल भइन् तिनै जेनजी समूहहरूलाई विभाजित गरेर एक समूहलाई साथमा लिएर अन्य समूहलाई वेवास्ता गर्दै आएकी हुनाले

बाँकी ८ पेजमा

## यी हुन् प्रधानमन्त्री कार्कीले उल्लंघन गरेका विषयहरू

काठमाडौं । भाद्र २७ गते असम्वैधानिक तवरबाट प्रधानमन्त्री बन्न सफल भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्की नेतृत्वको सरकारले धेरैवटा विवादित निर्णयहरू गरेर बद्नामी कमाईरहेको छ । त्यस्ता विवादित निर्णयहरू यी हुन् । डिम्ब तस्करी काण्डमा महान्यायाधिवक्ता सविता भण्डारी संलग्न रहेको प्रहरीको अनुसन्धानबाट खुलेपनि प्रधानमन्त्री कार्की मौन उल्टो भण्डारीले नै आफूँले आफूमाथि मुद्दा नचल्ने निर्णय गर्नु, नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशक हितेन्द्रदेव शाक्यलाई हटाउने निर्णय गर्नु सो निर्णय सर्बोच्च अदालतले बदर मात्र गरिदिएको छैन शाक्यलाई हटाउने निर्णय प्रतिशोध र पूर्वाग्रहले पिडित भएको ठहर

बाँकी ८ पेजमा

## जेनजीहरू विभाजित कार्की सरकारलाई घातक

काठमाडौं । जेनजीहरूको आन्दोलनको जगमा प्रधानमन्त्री बन्न सफल भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश समेत रहेकी सुशिला कार्कीले पाएको म्याण्डेट मध्येको पहिलो हो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराएर निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने । तर पछिल्लो अवस्था हेर्दा कार्की सरकारले बाहिर बाहिर निर्वाचन भनेपनि भित्री रूपमा निर्वाचनको तयारी गरेको देखिँदैन । निर्वाचन आयोगले निर्वाचनको जतिसुकै तयारी गरेपनि उसको मात्र तयारीले निर्वाचन हुन सक्ने अवस्था रहँदैन ।

निर्वाचन हुनका लागि राजनीतिक दलहरू तयार रहनुपर्दछ । विघटित संसदका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले तोकिएको समयमा निर्वाचन हुनेमा आशंका गरिरहेका छन् भने अहिलेसम्म प्रधानमन्त्री कार्कीले ठुला राजनीतिक दलका शिर्ष नेताहरूसँग एक

बाँकी ८ पेजमा

## प्रधानमन्त्री कार्कीको सुशासन भण्डारीसँगै गयो सती

काठमाडौं । प्रधानमन्त्री सुशिला कार्की सरकारले सय दिन पूरा गरेको छ । यो सय दिनभित्रमा पनि कार्की सरकार विवादमुक्त हुन सकेको देखिएन । कार्की सरकारलाई आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने जिम्मेवारी दिएको भएपनि राजनीतिक दल र जनताले तोकिएको मितिमा निर्वाचन हुनेमा विश्वास गर्न सकेका छैनन् । भ्रष्टाचार नियन्त्रण र सुशासनको मामिलामा समेत सरकार कमजोर देखिएको छ ।

निर्वाचन आयोगले निर्वाचन तालिका सार्वजनिक गरिसकेको भएपनि निर्वाचन हुनेमा विश्वस्त हुन सक्ने अवस्था देखिएको छैन । सय दिका कार्यकाल पूरा गर्दा समेत प्रधानमन्त्री कार्कीले ठुला भनिएका राजनीतिक दलका शिर्ष नेताहरूसँग एक पटक पनि सम्वाद गर्न सकेकी थिइनन् भने राष्ट्रपतिको आग्रहमा केही दिन अघि तिनै दलका शिर्ष नेताहरूसँग राष्ट्रपति कार्यालयमा प्रधानमन्त्री कार्कीसँग वार्ता भएको थियो । सो वार्तामा कुनै सहमति हुन नसकेको स्रोतले बताएको छ । केही समय अघि उनले शेरबहादुर देउवा, केपी ओली र पुष्पकमल दाहालको अनुहार सम्म हेर्न आफूलाई मन नलाग्ने बताएर दलहरूलाई चिढ्याउने कार्य गरेकी थिइन् ।

राजनीतिक दलहरूले निर्वाचनको वातावरण

बाँकी ८ पेजमा

## जेनजी आन्दोलनमा सर्वोच्चमा जलेका ८ हजार थान मिसिल पुनः प्राप्त

काठमाडौं । गत भदौ २४ मा सर्वोच्च अदालतमा भएको आगजनीका कारण जलेका कुल २० हजार ३४ थान मुद्दामध्ये ८ हजार थान मिसिल पुनः प्राप्त भएका छन् । आगजनीमा परेका चालु मुद्दामध्ये ४ हजार २०० मिसिल सुरक्षित रहेको सर्वोच्च प्रशासनले जानकारी दिएको छ ।

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाले मंगलबारसम्म ८ हजार मिसिल प्राप्त भई प्रमाणीकरणसमेत भइसकेको र केही मुद्दा सुनुवाइका लागि पेसीसमेत तोकिसकेको जानकारी दिए । उनले महान्यायाधिवक्ता कार्यालय, मुद्दाका पक्ष र विपक्षीहरूले मिसिल बुझाउने कार्य गरिरहेको बताए ।सर्वोच्चले कार्यविधि बनाएर मंसिर १ गतेदेखि सरोकारवालासँग मिसिल माग गरेको थियो र पक्षहरूलाई पुस मसान्तसम्मको समय दिएको छ ।

प्रवक्ता कोइरालाका अनुसार दैनिक करिब चार सयको हाराहारीमा पक्षहरूबाट जलेका मिसिल प्राप्त भइरहेका छन् ।सरकारवादी मुद्दाका जलेका मिसिल महान्यायाधिवक्ता कार्यालयमार्फत पनि बुझिँदैछ, जसअनुसार हालसम्म ७२५ थान मिसिल उक्त कार्यालयले बुझाएको छ । प्रवक्ता कोइरालाले जलेका मिसिल बुझाउन सर्वोच्चले पुस महिनाभरको समय दिएको जानकारी दिए । पेसीमा चढेका मुद्दामा पनि मिसिल जलेको हकमा मिसिल प्राप्तिको आदेश भइरहेको छ ।हालसम्म प्राप्त भएका मिसिलमध्ये ८० थान मुद्दा पेसी चढेर सुनुवाइ भइसकेको छ । प्राप्त मिसिललाई सर्वोच्चले मुद्दा हेर्ने रजिस्ट्रार, मुद्दा महाशाखा प्रमुख र फाँटका सम्बन्धित सुपरीवेक्षणपछि प्रमाणीकरण गर्ने गरेको छ ।

आन्दोलनका क्रममा देशभरका २३ अदालतमा भौतिक पूर्वाधार र मिसिलमा ठुलो क्षति पुगेको थियो । आन्दोलनका क्रममा २३ अदालतमा तोडफोड र आगजनी हुँदा चालु,

बाँकी ८ पेजमा

# पहिले संसद पुर्नस्थापना, सर्वपक्षीय सरकार गठन अनि निर्वाचन

काठमाडौं । भाद्र २७ गते असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा नियुक्त भएकी सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्की नेतृत्वको सरकारले गरेका सबै काम कारबाही स्वत असम्वैधानिक रहेका छन् । जेनजीहरूले गरेको विरोध प्रदर्शनको जगमा टेकेर प्रधानमन्त्री बन्न सफल भएकी प्रधानमन्त्री कार्कीले असम्वैधानिक रूपमा संसद विघटन गर्ने सिफारिस राष्ट्रपतिलाई गरेकी र प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिले संसद विघटन गर्नु स्वत असम्वैधानिक कार्य हो ।

राष्ट्रपतिले कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त गर्दा संसद जिवितै थियो । संविधानले संसद बाहेक अरूले संसदको विघटन गर्न सक्ने अधिकार कसैलाई दिएका छैन । यसरी



संसद विघटन र प्रधानमन्त्रीमा सांसद नै नरहेको व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गरिएको भन्दै नेपाली कांग्रेस, नेकपा एमाले सहितका दलहरू र विभिन्न संघ संस्था र व्यक्तिहरूले सर्बोच्च अदालतमा मुद्दा दायर गरिसकेका छन् । उनीहरूले संसदका बहुमत सांसदहरूको हस्ताक्षर समेत संसद पुर्नस्थापनाका लागि सर्बोच्चमा बुझाईसकेका छन् ।

जबर्जस्ती संसद विघटन गरिनुले मुलुकमा गम्भीर राजनीतिक संकट उत्पन्न भएकाले अब सर्बोच्च अदालतले संकटको बाटो फुकाउनुपर्ने अवस्था देखिएकोले गर्दा अदालतलले संसद पुर्नस्थापना

बाँकी ८ पेजमा

## लिपुलेक, कालापानी र लिम्पियाधुराका जनताले मतदान गर्न पाउनुपर्दछ

काठमाडौं । नेकपा एमालेका अध्यक्ष केपी ओली प्रधानमन्त्री रहेका बेला नेपालको चुच्चे नक्सा बनाएर सो नक्सालाई संसदबाट पारित गरि अहिले नेपाली रुपैँयामा समेत चुच्चे नक्सा राखिएको छ भने नेपालको निसान छापमा समेत त्यो नक्सा राखिएको छ । त्यतिमात्र होइन संयुक्त राष्ट्रसंघ लगायतका विभिन्न अन्तर्राष्ट्रिय संस्थाहरूमा समेत त्यो चुच्चे नक्सा पुऱ्याइएको छ ।

भाद्र २३ र २४ गतेको विरोध प्रदर्शनपछि केपी ओलीले पदबाट राजिनामा दिएका हुनाले राष्ट्रपतिबाट संविधान विपरित सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिश सुशिला कार्कीलाई प्रधानमन्त्रीमा भाद्र २७ गते नियुक्त गरेका हुन् । कार्कीलाई प्रधानमन्त्रीमा नियुक्त

बाँकी ८ पेजमा

# Trump Doles Out Syria's Golan Heights to Israel

Qamar Bashir

During a White House Hanukkah celebration on December 16, President Donald Trump made a startling declaration about the Golan Heights, openly revisiting his 2019 decision to recognize Israeli sovereignty over territory internationally acknowledged as Syrian land occupied by Israel during the 1967 war. Trump boasted that no previous American president had dared take such a step, portraying his action as bold, swift, and unconstrained by diplomatic caution. He framed the recognition not as a complex legal judgment but as an act of personal resolve, reducing decades of international dispute to a matter he claimed required only minutes to decide.

Trump described the decision making process with casual bravado, saying he asked then United States Ambassador to Israel David Friedman to explain the importance of the Golan Heights in five minutes or less. According to Trump, he interrupted after barely two minutes, declared that he understood everything necessary, and proceeded to approve recognition immediately. He joked that the land was worth trillions of dollars and remarked that he should have asked Israel for something in return. The remarks transformed a grave issue of sovereignty, occupation, and war into an anecdote of impulsive executive authority with profound geopolitical consequences worldwide today.

Trump used the occasion to reaffirm his broader alignment with Israel and the Jewish community, listing what he described as historic achievements of his presidency. He cited moving the United States embassy from Tel Aviv to Jerusalem, backing the Abraham Accords, and withdrawing from the Iran nuclear agreement negotiated under President Barack Obama. According to Trump, that deal endangered regional security rather than containing Iran. He framed each policy as evidence of loyalty, friendship, and moral clarity, repeatedly portraying himself as the most reliable ally Israel has ever had in Washington during modern US political history.

He also spoke at length about his personal connections with Jewish Americans, recalling childhood interactions through his father and emphasizing long standing familiarity rather than political calculation. He referenced his daughter Ivanka Trump's conversion to Judaism after marrying Jared Kushner as further proof of closeness, though he avoided addressing persistent rumours about his own religious affiliation. These remarks blended personal narrative with state policy, reinforcing the impression that national decisions affecting millions were shaped through intimacy, sentiment, and loyalty rather than institutional deliberation or international legal frameworks governing norms, accountability, restraint, balance, precedent, credibility, neutrality, consistency, legitimacy, stability, justice globally.

The most revealing segment of Trump's speech came when he warned that Congress and the Senate were becoming increasingly antisemitic, claiming that traditional pro-Israel influence in Washington was fading. He described this shift as dangerous and urged greater vigilance from supporters. The statement was remarkable, amounting to a rare acknowledgment that even within US political institutions discomfort with Israel's conduct was growing. Yet the warning also functioned as pressure, implying that loyalty to Israel should remain a litmus test for legitimacy within US politics despite constitutional pluralism, debate, dissent, oversight, accountability, ethics, law, values, representation, balance, restraint, democracy.

Until regional actors withdraw complicity and demand accountability consistently, Palestine will remain abandoned, international law weakened, and power unrestrained. Moral authority cannot be outsourced; it must be practiced through courage, sacrifice, and principled consistency rooted in justice, dignity, humanity, solidarity, responsibility, leadership, restraint, ethics, law, balance, fairness, credibility, legitimacy, peace, stability universally.

Despite Trump's claims of declining support, Israel continues to enjoy unparalleled diplomatic, military, and financial backing from the USA. Washington has repeatedly used its veto power at the United Nations to shield Israel from accountability, even when resolutions condemning occupation or settlement expansion enjoy



overwhelming global support. This posture places the USA above the rules it demands others obey, undermining the credibility of the international system it helped construct. Trump's rhetoric thus exposed a contradiction between professed grievance and actual power exercised globally, institutionally, strategically, consistently, decisively, coercively, selectively, visibly, persistently, controversially, openly, repeatedly, internationally, historically, forcefully today.

Trump's conduct cannot be examined in isolation from regional realities. Several Muslim majority states have normalized relations with Israel, expanded trade, and entered energy partnerships even as Gaza suffers devastation. Egypt's multibillion dollar gas agreements with Israel inject revenue into the Israeli economy during ongoing military campaigns. These arrangements are celebrated publicly, while Palestinian suffering continues largely unchecked. Such actions weaken moral criticism of Washington, revealing a regional order where economic interests and regime security override solidarity with Palestine principles, law, justice, humanity, ethics, responsibility, restraint, accountability, credibility, consistency, conscience, leadership, courage, unity, vision, balance, resolve, purpose, fairness, legitimacy, peace.

Reports of military logistics and arms transfers passing through or involving regional actors have further deepened perceptions of complicity. Whether fully substantiated or not, these allegations reinforce a widespread belief that Palestinian blood is discounted in exchange for alliances and profits. In such a context, outrage directed solely at Trump or the United States appears selective and incomplete. Power is sustained not only by those who wield it, but also by those who enable it through silence, cooperation, and convenience across borders, systems, institutions, markets, governments, cultures, alliances, blocs, regions, conflicts, wars, crises, decades, generations, history, memory, politics, morality globally.

Trump's long promised Middle East peace initiative has effectively collapsed. The proposed international mechanisms to stabilize Gaza were never implemented, ceasefire enforcement remained absent, and settlement expansion continued unabated. Gaza remains devastated, its civilian population displaced and deprived, while accountability mechanisms remain paralyzed. The peace plan functioned less as a pathway to justice than as a political diversion, shifting attention while irreversible facts were imposed on the ground with minimal resistance from global media, institutions, publics, diplomacy, negotiations, law, norms, enforcement, conscience, outrage, empathy, solidarity, responsibility, leadership, resolve, courage, action, urgency, intervention, accountability, fairness, balance, restraint, morality, humanity, peace, justice.

In this light, Trump's Hanukkah speech read less as celebration than confession. It revealed a worldview where power overrides principle, alliances eclipse law, and suffering becomes collateral. It also exposed the shared responsibility of Western governments and Muslim states that have tolerated, financed, or normalized this order. Condemning Trump alone is therefore insufficient. He acted openly, but he was enabled by a broader system unwilling to enforce its own rules or defend a truly universal standard of justice grounded in law, equality, sovereignty, dignity, humanity, restraint, accountability, consistency, legitimacy, balance, peace, order, ethics, norms, responsibility, credibility, fairness, stability, conscience globally.

If peace and justice are to mean anything, the Muslim world must confront its own contradictions. It cannot decry occupation while financing its beneficiary, nor invoke international law selectively. Trump's words should be read as a mirror, reflecting the erosion of norms and collective failure to resist it.

Until regional actors withdraw complicity and demand accountability consistently, Palestine will remain abandoned, international law weakened, and power unrestrained. Moral authority cannot be outsourced; it must be practiced through courage, sacrifice, and principled consistency rooted in justice, dignity, humanity, solidarity, responsibility, leadership, restraint, ethics, law, balance, fairness, credibility, legitimacy, peace, stability universally.

## सालपा विकास बैंकले पुस–१६ गतेबाट सर्वसाधारणका लागि आइपिओ खुला गर्ने

काठमाडौं । सालपा विकास बैंकले सर्वसाधारणका लागि यही पुस–१६ गतेदेखि प्रारम्भिक सार्वजनिक प्रस्ताव (आइपिओ) निष्कासन गर्ने भएको छ । 'खोटाङको बचत, खोटाङमै लगानी' भन्ने मूल नारासहित वि.सं. २०६९ साउन–३ गते दिक्तेल बजारमा प्रधान कार्यालय स्थापना गरेर सेवा सुरू गरेको बैंकले १३ वर्षपछि सर्वसाधारणका लागि आइपिओ जारी गर्न लागेको हो ।

संस्थापक सेयर सदस्यको ७० प्रतिशत र सर्वसाधारणको ३० प्रतिशत गरी रू. दुई करोड लगानीमा स्थापना गरिएको बैंकले आफ्नो जारी कुल चुक्ता पुँजीको ३३ प्रतिशतले हुन आउने रू. १७ करोड २३ लाख ८८ हजारबराबरको १७ लाख २३ हजार ८८० कित्ता आइपिओ निष्कासन गर्ने अनुमति पाएको छ । बैंकले पहिलो चरणमा वैदेशिक रोजगारीको सिलसिलामा विभिन्न देशमा पुगेर रोजगारी गरिरहेका नेपालीका लागि एक लाख ७२ हजार ३८८ कित्ता तथा सामूहिक लगानी कोषका लगानीकर्ताका लागि ८६ लाख १९४ कित्ता सेयर बाँडफाँट गरिसकेको छ ।

सर्वसाधारणलाई लक्षित गरेर खुला गर्न लागिएको १४ लाख ३९ हजार १७९ कित्ता आइपिओका लागि पुस–२० गतेसम्म आवेदन दिन सकिने बैंकका प्रमुख कार्यकारी अधिकृत (सिइओ) योगेन्द्र पुनले जानकारी दिए । 'बैंकको कुल चुक्ता पुँजी रू. ३५ करोड पुगेपछि आइपिओका लागि धितोपत्र बोर्डसँग अनुमति माग गरेका थियौं । यसका लागि बोर्डले अनुमति दिइसकेको छ,' उनले भने, 'यो सेयर सर्वसाधारण समूहमा निष्कासन हुन्छ । बैंकको कुल चुक्ता पुँजी रू. ५२ करोड २३ लाख ८८ हजार पुऱ्याउने गरी आइपिओ खुला गर्ने तयारी गरिएको हो । तोकिएको अवधिमा पर्याप्त आवेदन नपरेको खण्डमा पुस–३० गतेसम्म समय थप गर्न सकिन्छ ।'

पहिलोपटक सर्वसाधारणका लागि निष्कासन गर्न लागिएको सेयर प्रतिकित्ता रू. १०० का दरले बिक्री गरिने बैंकले जनाएको छ । सर्वसाधारण लगानीकर्ताले न्यूनतम दश कित्ताका लागि आवेदन दिनुपर्नेछ भने अधिकतममा २५ हजार कित्ताका लागि आवेदन दिन सक्ने सेयर बिक्री प्रबन्धक मुक्तिनाथ क्यापिटलले जनाएको छ ।

लगानीकर्ताले नेपाल धितोपत्र बोर्डबाट अनुमति लिएर आस्बा सेवामा सहभागी बैंक तथा वित्तीय संस्थाहरूबाट सी–आस्बा प्रणालीमार्फत आवेदन दिन सक्ने जनाइएको छ । सेयरका लागि आवेदन दिन चाहनेले सिडिएस एन्ड क्लियरिङ लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर 'मेरो सेयर' अनलाइन प्रयोग गरेर सी–आस्बा प्रणालीमार्फत पनि आवेदन दिन सक्ने बैंकले जानकारी दिएको छ । नेपाल राष्ट्र बैंकबाट (ख) श्रेणीको अनुमति लिएर सञ्चालन गरिएको सालपा विकास बैंकको बैंकले १२ वर्षपछि मोबाइल बैंकिङ सेवा उपलब्ध गराएको थियो । आइपिओ खुला गरेलगत्तै विभिन्न जिल्लामा शाखा विस्तार गर्ने तयारी गरिएको सञ्चालक समितिका अध्यक्ष टंक राईले जानकारी दिएका छन् ।

बैंकले निक्षेप रकमलाई जिल्लाका कृषि, पर्यटन, व्यवसायी, उद्यमीहरूको व्यवसाय प्रवर्धनका लागि सुलभ ब्याज दरमा कर्जा उपलब्ध गराउँदै आएको छ । 'जनता बैंकमा होइन, बैंक जनतासम्म जानुपर्छ' भन्ने अवधारण लिएर स्थापना गरिएको सालपा विकास बैंक 'एक घर, एक खाता' परियोजनासमेत सञ्चालन गरेको छ ।

जिल्लाका प्रमुख व्यापारिक केन्द्र दिक्तेल बजारसँगै विभिन्न स्थानीय तहका ६ ठाउँमा शाखा रहेको बैंकले चल्ती तथा कल खाता, साधारण, नारी, विद्यार्थी, ज्येष्ठ, बाल, खुत्रुकेलगायतका दशवटा बचत खाता, आठ किसिमका मुद्दती खाता र नौ किसिमका कर्जा तथा सापटी विप्रेषणलगायतका सेवा प्रवाह गर्दै आएको छ । हलैंसी, ऐँसेलुखर्क, बाक्सिला, सिम्पानी र चिसापानीमा शाखा कार्यालय स्थापना गरेर सेवा प्रवाह गर्दै आएको बैंकले आइएमई, प्रभु मनी ट्रान्सफर, हिमाल रेमिट, वेस्टर्न युनियन, हुलास रेमिट, सेवा रेमिट, सि.जि. फिन्को, सिटी एक्सप्रेस, रिलायबल रेमिट, कुमारी रेमिट सेवासमेत प्रदान गर्दै आएको जनाइएको छ ।

१० जिल्लाका १२० जना सेयर सदस्यबाट सुरू गरिएको बैंकमा हाल ६८ जिल्लाका तीन हजार ५०० सेयर सदस्य रहेको सिइओ पुनले जानकारी दिएका छन् ।

सम्पदा बचाऔं, संस्कृति जोगाऔं

नेपाल प्राकृतिक सौन्दर्य र सांस्कृतिक विविधताको खानी हो, सांस्कृतिक सम्पदा हाम्रा अमुल्य सम्पत्ति तथा असली गहन हुन, जसले स्थनीय तथा राष्ट्रिय इतिहासको पहिचान दिनुका साथै राष्ट्रिय गौरवमा बृद्धि, खोज तथा अध्ययन अनुसन्धानमा सहयोग, पर्यटन प्रवर्द्धनमा बृद्धि साथै देशको चौतर्फी विकासमा समेत सहयोग पुऱ्याउछ ।

सम्पदा सम्पदा मात्र नभई यसमा हाम्रो संस्कृति पनि जोडिएका हुनाले यसलाई अतिक्रमण हुन नदिई, समय समयमा मर्मत तथा जिर्णेद्धार गरी यसको महत्व सम्बन्धमा युवा पुस्तालाई प्रेरित गरेर मात्र हामीले हाम्रा धरोहर, हाम्रा सम्पदा र हाम्रो स्वाभिमान बचाउन सक्छौं ।

सांस्कृतिक सम्पदा संरक्षण कुनै एक पक्ष मात्र जिम्मेवार नभई हरेक नेपालीको साझा सम्पत्ति हो, यसको संरक्षण गर्नु पनि प्रत्येक नेपालीको साझा दायित्व हो ।

काठमाडौं महानगरपालिका
वडा नं. २८, बागबजार

# कुकुरको पुच्छरजस्तै बन्यो नेता र तिनका नीति



• राजन कार्की
rajan2012karki@yahoo.com

बहुदल र गणतन्त्रको ३० वर्षमा पनि नेपाली राजनीति गर्नेहरू उस्ताको उस्तै छन् । यिनले न बहुदल चिने, न गणतन्त्र । यिनका लागि यी दुबै तन्त्र सिपाहीको काम नगर्नेलाई जर्नेलको मानजस्तो हुनगयो । यसकारण त हाम्रा नेताहरूलाई भन्ने गरिन्छ, जुन जोगी आए पनि कानै चिरिएका, कुकुरको पुच्छर १२ वर्ष ढुङ्ग्रोमा हाले पनि बाङ्गाको बाङ्गै ।

संसारमै सबैभन्दा उत्तम व्यवस्था भनेको लोकतन्त्र हो । नेपालमा लोकतन्त्र आयो, तर हिराको मोल किराले जान्दैन भनेजस्तै भयो । उत्तमतन्त्र चलाउनेहरू किराभन्दा माथि उठ्न सकेनन् । मतिभ्रष्ट भएका नेताहरूले हिराको मोल चिन्न सकेनन् ।

नेपाली सुशासन र समृद्धि, शान्ति र स्थिरता चाहिरहेका छन् । नेताहरू लोकतन्त्रलाई लूटतन्त्र बनाइरहेका छन् । जनताका लागि लोकतन्त्रको रञ्जन ल्हासामा सुन छ, मेरो कान बुच्चै भन्ने उखान बन्न पुग्यो ।

जनताको असन्तुष्टिलाई दबाउँदै अघि बढेका नेता र तिनको लुटतन्त्रका विरूद्ध जेनजी पुस्ताले आन्दोलन र बिद्रोह गरे, ३७ वर्षे लुटतन्त्रको दबदबालाई धुलाम्मे पारेर ढालिदिए, तैपनि काई बनेर बसेको नेतातन्त्रको बुद्धिबङ्गारो पलाएन । चेत खुलेन । देशमा प्रजातन्त्र र सर्वहारावादीहरू एउटा कित्ता र नयाँ तथा जेनजी पुस्ता अर्को कित्तामा उभिन पुगेका छन् । यो प्रतिस्पर्धा चुनावमा भए त ठिकै हो, सडकमा भिडन्त भयो भने गृहयुद्धमा फस्ने र विदेशीले फसाउने भय बढी हुनेछ । यसतिरको संचेतनाको कमी अनुभूति भइरहेको छ । यही भयलाई दृष्टिगत गरेर समयले प्रश्न उठाएको छ– समाजवाद कि मृत्यु ? अर्थात् प्रजातान्त्रिक राष्ट्रवाद कि भ्रष्टतान्त्रिक मृत्यु ? यो दोबाटोमा उभिएको राजनीति र राष्ट्रलाई कता डोऱ्याउने, यसको निर्णय हिजोसम्म लुटतन्त्रमा रमाएका नेता र पार्टीहरूले गर्नुपर्छ । सही निर्णय नगर्दा खरानीमा पुगेको स्थिति शून्यतामा पुग्नसक्छ ।

हिजो सबै अवनतिको जड राजतन्त्र भनियो, राजतन्त्रले चुपचाप राम बनवासको नियति भोगीरहे, अवनतिको निरन्तरता रोकिएन । जडी कारण त चरित्रहीनता रहेछ । यी असफल नेता र तिनका अनुयायीहरूले जतिसुकै ढाडेहात लगाएर सरापे पनि राजतन्त्रको बिकल्प देखिन्न । राजतन्त्र अर्थात राष्ट्र हाम्रो आवश्यकता हुनआयो । भ्रष्टाचारतन्त्रले हामीलाई चिहानमा पुऱ्याइसक्यो । रोज्ने हामीले हो, प्रजातान्त्रिक राष्ट्रवादी जीवन रोज्ने कि भ्रष्टतन्त्रको मृत्यु ?

अब आएर राजतन्त्र नमान्ने धेरै नेता, राष्ट्रपति बनेका रामवरण यादव हुन् कि विद्या भण्डारी, दुबैले राजतन्त्र आउन नसक्ने भन्ने होइन भनिसके । कसै न कसैले त राष्ट्र चलाउनु पऱ्यो भन्नुको अर्थ बहुदल र लोकतान्त्रिक गणतन्त्र चलाउन सकिएन भन्ने नै हो । वर्तमानमा देखिएका ठूला नेता भनेका कांग्रेसका सभापति शेरबहादुर देउवा, एमालेका अध्यक्ष केपी ओली, नेकपाका अध्यक्ष प्रचण्ड, त्यसपछिका नेताहरू माधवकुमार नेपाल, डा.बाबुराम भट्टराई, अरू जे जति भुरे टाकुरे नेता छन्, ती सबै ब्रेक नभएका गाडी भइसके । पटक पटक ब्रेक फेल भएर दुर्घटनामा परिसके, देशलाई दुर्घटनामा पारिसके । सधैं राष्ट्रिय पद्धतिको प्रयोगशाला बनाउन सकिन्न ।

अर्थ र औचित्यहीन भइसकेका विचारक, बुद्धिजीवीहरू ती सबै विवेकहीन सावित भइसकेपछि तिनीहरूको भर गर्नुको अर्थ रहेन । गत भदौ २३ र २४ को नरसंहारकारी आन्दोलन र लोकतान्त्रिक गणतन्त्र पतनपछि बाँकी बिकल्प भनेको राष्ट्रवाद र प्रजातन्त्र, यी दुबैको परिधि भनेको राजतन्त्रको अभिभावकत्व नै हो । निदाएको नाटक गर्ने कि आँखा खोलेर लड्नबाट जोगिने ? अहंकार त्यागेर सोचे हुन्छ, निषेध र प्रतिषोधले कहाँ पुऱ्यायो भनेर हेरे हुन्छ । हाम्रा सामु अन्धकारमात्र छन् । अन्धकार चिर्ने दियालो भनेको राजतन्त्र सहितको प्रजातन्त्र नै हो । देशको वर्तमान आवश्यकता दियालो नै हो । हालैका वर्षहरूमा राजतन्त्रबारे बहस पुनः उठ्नुका कारणहरूबारे विभिन्न स्रोतहरूले उल्लेख गरेका छन्–जस्तै राजनीतिक अस्थिरता, दलहरूको असफलता, भ्रष्टाचारप्रति जनआक्रोश र पहिचान-राष्ट्रवादको संकट । यी सबै स्रोतको संकेत राजतन्त्रसहितको प्रजातन्त्रतिर नै देखिन्छ । पार पाउने हामीसँग अर्को बिकल्प देखिदैन ।

हो, २०४६ को बहुदलले कुनै परिणाम दिन सकेन । विदेशी हस्तक्षेप र स्वदेशी अराजकता बढेर गयो । परिणाम बहुदल दुर्घटनामा पऱ्यो । २०६३ सालको परिवर्तन निम्तियो । बहुदललाई लोकतान्त्रिक गणतन्त्रको क्रिम लेपन गरियो, सुन्दर देखाइयो ।

राजाको सदासयताले सहजै लोकतन्त्र, गणतन्त्र आयो । तर २०६३ पछि स्थापित गणतन्त्रले पनि कुनै क्षेत्रमा अपेक्षित परिणाम दिन सकेन । पार्टीहरूभित्रै राजतन्त्रको बिबाद र बहस चलिरह्यो, अवसर पाउनेले देश लुटिरहे । यसैको परिणाम जेनजीले हस्तक्षेप गर्नुपऱ्यो, आन्दोलनकारीमाथि राज्यले नरसंहारको हिटलरी लीला नै देखायो । नेपाल त्यसैपनि भ्रष्ट देश थियो, मानव बेचबिखनकारी, अराजक र अपराधिक थियो नै, जेनजीमाथि गोली बर्साएर लोकतान्त्रिक गणतन्त्र विश्वभरि बदनाम हुनपुग्यो । भारतले सीमा अतिक्रमण गरेकै थियो, नेपालमा विश्वशक्तिले भूराजनीतिक खेल खेल्न थाल्यो । यसपछि राष्ट्रवादी राजतन्त्र र प्रजातन्त्रको बिकल्पमा जनमत बढ्दै गएको हो । जेनजी आन्दोलनपछि बनेको अन्तरिम सरकार पनि अविश्वसनीय बन्दै गएको छ । फागुन २१ को निर्वाचन हुन नसक्ने र संसद पुनर्स्थापनाको मागले पनि अराजकता र अस्थिरतालाई बढावा दिने घटनाक्रम बढ्न थालेको छ । राजनीति डरलाग्दो बन्दै गएको छ ।

आवश्यकता संवेदनको छ । संवाद, सहमति र सहकार्यका लागि राष्ट्रवादी र राजतन्त्रवादी तैयार हुनेपर्ने स्थिति सिर्जना भइसकेको छ । यही माध्यमले एउटा स्पष्ट भावी स्वरूप तैयार भएमा देशमा संस्थागत, संरचनागत सुधार हुने र स्थिरता ल्याउन सकिनेमा स्वतन्त्रहरू विश्वस्त छन् । गणतन्त्रमा देखिएको अपराध र भ्रष्टतन्त्रले विभाजनको ठूलै टुडिखेल बनाइसकेको छ । एकता र सुशासन ल्याउने माध्यम राष्ट्रवादी राजतन्त्र र प्रजातन्त्रको माध्यममा बन्ने संविधानले निर्दिष्ट गर्न सक्ने विश्वास गर्न सकिन्छ ।

मनमा विद्वेष राखेर प्रश्न गर्नेहरू राजतन्त्र सम्भव छ र ? भन्छन् । तर नेता यिनै हुन्, नेतृत्व दिने पार्टी पनि यिनै हुन् । त्यतातिर जनताको विश्वास समाप्त भइसकेको छ । विश्वास जगाउन र देश बचाउने शक्ति भनेकै राजतन्त्र र प्रजातन्त्र हो । बादभन्दा माथिको राजतन्त्र र बादभित्रको प्रजातन्त्रको दुईखुट्टे नीति नै नेपाल र नेपालीको अस्तित्व निहित हुनपुगेको छ । लोकतान्त्रिक विचारको स्थायित्व पनि यही सिद्धान्तमा स्थायित्व रहनसक्छ । बिगतमा राजतन्त्रमा देखिएका कमजोरीहरू दोहोरिने छैनन् । बिभाजित मनस्थितिहरू स्थिर हुनजानेछन्, नेपाल विकास, शान्ति र समृद्धिमा लाग्नसक्छ । राष्ट्रवाद र प्रजातन्त्र नेपालको एकता र स्थायित्वको मौलो बन्नसक्छ ।

सदावहार राजनीतिक अस्थिरता, असुरक्षा, दलगत कलह, बारम्बार सरकार परिवर्तन, र भ्रष्टाचारले जनतामा निराशा बढेको छ, मुलुक थाकिसकेको छ । यसकारण पनि राजतन्त्रसहितको प्रजातन्त्र स्थिरताको प्रतीकका रूपमा हेर्न थालिएको छ । यही प्रतीक नेपाली समाज, संस्कृति, पहिचान पनि हो ।

चेतना छ, प्रष्ट पार्न नसकेको विषय भनेकै राजतन्त्रसहितको प्रजातन्त्र बिकल्प हो ।  संवैधानिक राजतन्त्रको मोडेल जापान, बेलायत, नर्वेलगायतका धेरै विकसित राजतन्त्र र लोकतन्त्र सहअस्तित्वमा छन् । नेपालमा यही मोडलले सफलता पाउनसक्छ । लजाउनु पर्दैन, बहुदलको ३७ र लोकतान्त्रिक गणतन्त्रको १७ वर्षमा दल र दलपति नेताहरूले सुशासन, विकास, रोजगारी, स्थिरता केही दिन सकेनन् । विधिको शासनको अन्त्य गरिदिए । राजतन्त्र फर्किनु लोकतान्त्रिक प्रक्रिया झन उजिलिन सक्छ । यही पद्धतिमा

सुशासन, भ्रष्टाचारको अन्त्य, विधिको शासनको मजबुती, मानवअधिकारको निश्चितता, शक्ति-विकेन्द्रिकरण सहज बनाउन सकिन्छ । द्विविधा नरहोस्, २०६२/६३ को आन्दोलनले राजतन्त्रविरूद्ध व्यापक जनमत देखाएको हो, त्यो स्थिति आज छैन । आज राजतन्त्रमात्र लोकप्रिय संस्था कायम रहेको छ । यसकारण संवाद सहमति र सहकार्यबाट निकास निकाल्न संविधान संशोधन, जनमत संग्रह जे जे गर्नपर्ने हो गर्दा हुन्छ । द्वन्द्वको स्थिति रहनु, बढाउनु मृत्युमात्र हो । चाहिएको जीवन हो । यसकारण राष्ट्रमा राजतन्त्रसहितको प्रजातन्त्रको सम्भावना छ । तथ्य र स्रोतहरूका अनुसार, नेपालमा राजतन्त्र पुनर्स्थापनाबारे भावनात्मक समर्थन बढ्दो छ । वर्तमान गाँजेमाजे गोलमाल र जटिलताको अन्त्यको उपाय पनि यही नै हो ।



पढथ्यौं हामी बसीकन सँगै वेद, बाइबल, नमाज
पसेकेही नरपशुहरू ध्वस्त पारे समाज ।

मर्‍यौ ज्यूँदै त्यो जस्ले बिर्सियो देशको माटो
बाँच्यो त्यो मरेर पनि जस्ले सम्झियो देशको माटो ।

कायर भएर पटक पटक मर्नुभन्दा
बहादुर भएर एकै पटक मर्न सकौं ।

- अभियानवाणी

अभियान
साप्ताहिक

## सम्पादकीय

## निर्वाचनको वातावरण बनाउन सरकार असफल ?

*भाद्र २७ गते सर्बोच्च अदालतकी पूर्व प्रधानन्यायाधिशलाई संविधान विपरित प्रधानमन्त्रीमा नियुक्त गरेर राष्ट्रपतिले प्रधानमन्त्री सुशिला कार्कीलाई आउँदो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन गराउने म्याण्डेट दिएका हुन् । तर अहिले सम्मको अवस्था हेर्दा निर्वाचन हुन सक्ने अवस्था देखिएको छैन । निर्वाचन आयोगले जतिसुकै सक्रियता देखाएको भएपनि कार्की सरकार निर्वाचन गराउन दृढ नभएसम्म निर्वाचनका लागि तत्काल वातावरण बन्न सक्ने पनि देखिँदैन । तर निर्वाचन त जसो तसो होला तर जसो तसो हुने निर्वाचनको परिणाम लोकतन्त्रको लागि घातक सावित हुन सक्छ । राजनीतिक दलहरूको विश्वास लिएर सरकार अघि बढ्नुपर्नेमा कार्की सरकारले ठुला भनिएका राजनीतिक दलहरूलाई विश्वासमा लिन सकिरहेको छैन । सरकारका मन्त्रीहरू नै निर्वाचन भाँड्ने खालका अभिव्यक्ति दिइरहेका छन् । भाद्र २३ र २४ गते भएको घटनालाई लिएर गृहमन्त्री र आफूलाई जेनजीको अगुवा बताउँदै आएका र प्रधानमन्त्री कार्कीले नै मेरो जेठो छोरा भनेका सुदन गुरुङ कहिले निर्वाचन हुन नदिने त कहिले राजनीतिक दलका नेताहरूलाई जेल हाल्ने अभिव्यक्ति दिँदै आएका छन् । यस्तो कार्यहरू तत्काल रोकिनुपर्दछ ।*

*राजनीतिक दलहरूले आजसम्म पनि सरकारले निर्वाचनको वातावरण बनाउन नसकेको बताइरहेका छन् । नेकपा एमालेका अध्यक्ष एवं पूर्व प्रधानमन्त्री केपी ओली र नेपाली कांग्रेसका नेता रमेश लेखकलाई स्थानहद गरिएको छ । मुख्य दलका नेताहरू नै चुनाव प्रचार प्रसारमा जिल्ला र गाउँ जान नपाउने सरकारको निर्णयले गर्दा समेत निर्वाचन हुनेमा आशंका जन्मिएको छ । जनताले समेत अहिलेको अवस्थामा निर्वाचन हुन सक्नेमा आशंका जनाएका छन् । जनता भनिरहेका छन् के निर्वाचन होला ? निर्वाचन सम्बन्धी अहिले पनि जनतामा अन्यौल कायमै रहेको छ । संविधान विपरित संसद विघटन गरिनु र संविधान विपरित नै प्रधानमन्त्री नियुक्त गरिनु जेनजीहरूको आन्दोलनलाई देखाइएको भएपनि संविधान जिवितै अवस्थामा रहेको बेला राष्ट्रपतिबाटै संविधान विपरितको कार्य हुनु भनेको संविधानका पालक र संरक्षक रहेको व्यक्तिले संविधानको पालना नगरेको हुनाले नै अहिले राष्ट्रपतिमाथि नै प्रश्न उठेको छ ।*

*निर्वाचनप्रति अहिले जनतामा कुनै उत्साह जागेको देखिँदैन । जनताले निर्वाचन हुने भन्ने विश्वाससम्म गर्न सकिरहेका छैनन् । जेनजीहरूका विभिन्न समूह रहेका र ती समूहमध्येका गुरुङ समूहलाई मात्र कार्की सरकारले मान्यता दिएर च्यापेको हुनाले अन्य जेनजी समूहहरू समेत निर्वाचनमा सहभागि नहुने बताइरहेका छन् । निर्वाचन, निर्वाचनका लागि नभएर समस्या समाधानका लागि हुनुपर्दछ भन्ने विश्वव्यापी सिद्धान्तलाई वेवास्ता गरेर नाम मात्रको निर्वाचन गराइएको खण्डमा त्यसले समस्याको समाधान होइन विकराल रुप लिन सक्छ भन्ने हेक्का राष्ट्रपति र प्रधानमन्त्रीलाई हुनुपर्दछ । विघटित संसदका दुई ठुला दल नेपाली कांग्रेस र नेकपा एमालेले असम्वैधानिक तवरबाट संसद विघटन गरिएको भन्दै सर्बोच्च अदालतमा रिट निवेदन दिएकोमा सर्बोच्च अदालतको सम्वैधानिक इजलासले कारण देखाउ आदेश जारी गरिसकेको छ भने सोही विषयमा सर्बोच्च अदालतमा १९ वटा भन्दा बढी मुद्दा परेका छन् । दुई ठुला दलले निर्वाचनप्रति आशंका गरिरहेका भएपनि उनीहरूको आशंकालाई मेट्ने कार्यमा सरकार अघि बढेको छैन उल्टो प्रधानमन्त्री कार्की नै ठुला दलका नेताहरूको अनुहारसम्म हेर्न आफूलाई मत नलागेको बताएर निर्वाचन भाँड्ने कार्यमा लागेको जस्तो व्यवहार देखाइरहेकी छन् । ठुला दलहरूका शिर्ष नेताहरूसँग ३ महिनासम्म उनले एक पटकमात्र सम्वाद गरेकी हुनाले पनि निर्वाचनप्रति आशंका जन्मिएको हो ।*

*जेनजीहरूको जगमा प्रधानमन्त्री बन्न सफल भएकी प्रधानमन्त्री कार्की नेतृत्वको सरकारले सबै जेनजी समूहलाई समान व्यवहार गर्नुपर्नेमा अहिले त्यस्तो अवस्था देखिएको छैन । सुदन गुरुङ बाहेकका जेनजीहरूका समूहलाई प्रधानमन्त्री कार्की र उनको नेतृत्वको सरकारले खासै महत्व नदिएको हुनाले उनीहरूले समेत निर्वाचन हुनेमा आशंका गरिरहेका छन् । केही जेनजी समूहहरूले समेत निर्वाचन हुन नसक्ने र नहुने निर्वाचनको तयारी किन गर्नुपर्‍यो भन्ने जस्ता अभिव्यक्ति दिइरहेका हुनाले पनि निर्वाचन हुनेमा आशंका जन्मिएको हो ।*

*भाद्र २३ र २४ गतेको घटनामा जेलबाट भगाइएका वा भागेका कैदीबन्दीहरू अहिले पनि जेल बाहिरै रहेका र प्रहरीका लुटिएका हातहतियार र गोलीगठ्ठा प्रहरीले भेटाउन नसकेको हुनाले पनि निर्वाचित हुनेमा आशंका जन्मिएको हो । निर्वाचन हुनका लागि सबैभन्दा पहिला सरकार नै दृढ रुपमा अघि बढ्नुपर्ने हुन्छ । भने दोस्रोमा राजनीतिक दलहरूको विश्वास सकरारले लिन सक्नुपर्दछ । तिनै राजनीतिक दलहरूको माध्यमबाट जनता निर्वाचनमा सहभागि हुने भएकाले सरकारले तत्काल राजनीतिक दलका शिर्ष नेताहरूसँग बार्ता गरेर निर्वाचनको वातावरण मिलाउन नसकेको खण्डमा निर्वाचन असम्भव रहेको हामीले ठानेका छौं ।*

# समयले सुम्पेको साझा दायित्व

**प्रकाश भुसाल**

नेपालको राजनीति आज एउटा निर्णायक मोडमा उभिएको छ । यो मोड कुनै एक दल, एक नेता वा एक घटनाले बनाएको होइन । यो मोड तीन दशक लामो असफल अभ्यास, टुट्दै गएको जनविश्वास र एकैपटक जागृत भएको नयाँ पुस्ताको सामूहिक चेतनाले बनाएको हो । यही ऐतिहासिक क्षणमा एउटा प्रश्न सम्पूर्ण समाजमाथि उठिरहेको छ– के रवि लामिछाने, बालेन शाह र कुलमान घिसिङ अब पनि आ–आफ्नै बाटो हिँडिरहनेछन् या समयले दिएको साझा दायित्व स्विकारेर एउटै राष्ट्रिय यात्रामा उभिनेछन् ?

यो लेख कुनै व्यक्तिको जयगान होइन, न कुनै दलको प्रचार । यो त एउटा राष्ट्रिय दबाबपत्र हो– इतिहास, पुस्ता र लोकतन्त्रले यी तीन व्यक्तिमाथि सुम्पेको जिम्मेवारीको दस्ताबेज । जेन–जी आन्दोलन, चेतनाको उदय : गत भदौको जेन–जी आन्दोलन आकस्मिक आक्रोशको विस्फोट मात्र थिएन । त्यो त लामो समयदेखि भित्रभित्रै उम्लिरहेको असन्तुष्टिको संगठित अभिव्यक्ति थियो ।

बेरोजगारी, भ्रष्टाचार, अवसरमा पहुँच नहुनु, योग्यताभन्दा चाकडीको शासन– यी सबै कारणले युवापुस्तालाई सडकमा ल्यायो । यसको सबैभन्दा सकारात्मक पक्ष के हो भने युवाले फेरि राजनीतिप्रति चासो राख्न थाले । उनीहरू अब 'राजनीति फोहोरी खेल हो' भनेर पन्छिन चाहँदैनन्, बरू 'राजनीति किन फोहोरी बनाइयो' भनेर प्रश्न गर्न थालेका छन् । यही जागरणले नेपाललाई विश्वमै चकित पार्ने अवस्था सिर्जना गर्‍यो ।

तर, यसको अर्को पाटो पनि छ । केही ठाउँमा शक्तिको दुरूपयोग, अराजक व्यवहार र आवेगले आन्दोलनको नैतिक बल कमजोर बनाउने प्रयास भए । यही कारण आजको मुख्य चुनौती आन्दोलनलाई संरक्षण, परिष्करण र संस्थागत दिशा दिनु हो । यदि यो जागरण नेतृत्वविहीन रह्यो भने पुरानै शक्तिले यसलाई 'अराजक' ठहर गरेर दमन गर्नेछ, इतिहासले पटक–पटक देखाइसकेको यथार्थ यही हो ।

जेन–जी आन्दोलनले नयाँ राजनीतिक संस्कारको माग गर्‍यो । युवा अब केवल आलोचना होइन, परिणाम देखाउन चाहन्छन् । सडकमा उठेको प्रश्न संसद्, सरकार र संविधानमार्फत समाधान नभए यसको वैधता नै कमजोर हुनेछ । यही वेला रवि लामिछाने धरौटीमा छुटेको समयलाई अवसरका रूपमा परिणत गर्न सकिन्छ । उनको भूमिकाले केवल कानुनी प्रक्रियामा सीमित नभई सबै पक्षलाई साझा पहल गर्न प्रेरित गर्ने क्षमता राख्छ र त्यो क्षमता एउटा सीमित घेरालाई तोडेर ठुलो र उदार मनका साथ सबैको कल्याण र समयको मागका लागि सदुपयोग हुनुपर्छ ।

पुरानो राजनीति र गहिरिँदो वितृष्णा : कांग्रेस, एमाले र माओवादी (नेकपा) तीनै दल आज जनताको नजरमा विश्वासयोग्य विकल्प रहेनन् । समस्या केवल भ्रष्टाचार होइन, संरचनागत पतन पनि हो । यी दल विचारभन्दा व्यक्ति, नीतिभन्दा स्वार्थ र संगठनभन्दा गुटमा सीमित भए । एमालेमा केपी ओली पुनः निर्वाचित हुँदै हाबी हुनु, नयाँ नेतृत्वलाई अस्वीकार गर्नु र पुरानो संरचना जोगाउने प्रयास हुनु, कांग्रेसमा शेरबहादुर देउवाको फेरि चुनाव लड्ने चाहना देखिनु, गगन थापाहरूविरूद्ध मोर्चाबन्दी हुनु र संसद् पुनर्स्थापनाको माग गर्दै अदालतलाई राजनीतिक दबाबमा पार्ने प्रयास हुनुले पुरानो नेतृत्व परिवर्तन होइन, सत्ता दोहोर्‍याउने रणनीतिमा मात्रै केन्द्रित छ भन्ने प्रमाणित हुन्छ । यही कारण नागरिकमा वितृष्णा गहिरिँदै गएको छ । जनताले नयाँ अनुहार मात्र होइन, नयाँ संस्कार खोजिरहेका छन् । पुरानो शक्तिले आफ्नो स्वार्थ र गुटलाई प्राथमिकता दिन्छ । नयाँ पुस्ता अब यो स्विकार्न चाहँदैन । युवाले परिणाममुखी, जवाफदेही र पारदर्शी नेतृत्व खोजिरहेका छन् ।

रवि–बालेन–कुलमानको मिलनले यही गतिरोधलाई तोड्न सक्छ । तीनैजनाले साझा पहल गरेर पुरानो शक्तिको प्रभावलाई सन्तुलनमा राख्नुपर्छ । रवि धरौटीमा रहेकै वेला उनले सबै पक्षलाई जुटाउन पहल गर्नुपर्छ, बालेनको प्रशासनिक अनुभव र कुलमानको संस्थागत दक्षता मिसाएर एउटै दिशा निर्माण गर्नु जरूरी छ ।

रवि, बालेन र कुलमान, किन यी तीन ? : रवि लामिछाने जनआक्रोशका भाष्य हुन् । उनको भाषणले आमनागरिकको दबिएको आवाज बोल्छ । बालेन शाह युवाको आत्मविश्वास र अस्वीकारोक्तिका प्रतीक हुन् । उनका स्ट्याटस मौन तर शक्तिशाली राजनीतिक वक्तव्यजस्ता देखिन्छन् । कुलमान घिसिङ भने भाषण होइन, एक्सन हुन्, काम गरेर देखाउने क्षमताको जीवित प्रमाण । यी तीनैका आआफ्नै कमजोरी पनि नभएका होइनन् । तर, यिनै तीनमा आजको नेपाललाई चाहिने पूरक क्षमता पनि छ । रविको राजनीतिक कमान्ड, बालेनको उत्प्रेरक शक्ति र कुलमानको कार्यान्वयन क्षमता, यी एकै ठाउँ आए भने त्यो केवल दल होइन, राष्ट्रिय परियोजना बन्न सक्छ ।

तर, एउटा स्पष्ट चेतावनी आवश्यक छ, यी तीनैजना आसेपासेको साँघुरो घेरामा पर्नुहुँदैन । तर, विडम्बना ! पुराना राजनीतिक दलको कमजोरी दोहोर्‍याउँदै यिनीहरूका आसेपासेले नेतृत्वलाई सीमित घेराभित्रै राख्न खोजेजस्तो पनि देखिन्छ । केपी ओलीलाई बा भनेझैँ यिनका कार्यकर्ता, शुभचिन्तक कतै एमाले पथमा जान लागेका त होइनन् भन्ने आशंका पनि पैदा हुन्छ । यिनले यसबाट सचेत हुनु जरूरी छ । हो, पुरानो राजनीति यहीँ चुक्यो । 'राम्रा'लाई भन्दा 'आफ्ना'लाई जोगाउने प्रवृत्तिले नै सबै आन्दोलन विफल भए । यदि नयाँ शक्ति पनि यही बाटामा गए भने जनताले माफी दिनेछैनन् । अहिले आमसर्वसाधारण नागरिकले बालेनको मौनता, रविको गर्जन र कुलमानको 'एक्सन'बाट धेरै आशा गरेका छन् ।

निर्वाचन लोकतन्त्रको एक मात्र बाटो : रवि लामिछाने धरौटीमा बाहिर निस्किएका छन् । यो केवल कानुनी प्रक्रिया होइन, लोकतान्त्रिक परीक्षाको घडी पनि हो । पुराना शक्तिले प्रतिशोधको राजनीति गर्ने स्पष्ट छ । समयमै निर्वाचन भएन भने जेन–जी र नयाँ शक्तिमाथि प्रतिशोध झन् तीव्र हुनेछ । लोकतन्त्रमा निर्वाचनको विकल्प हुँदैन । त्यसैले, यी तीनैजनाले स्पष्ट रूपमा समयमै निर्वाचनको माग गर्दै संयुक्त पहल लिनुपर्छ । चुनावबाट भाग्ने होइन, चुनाव जितेर प्रणाली बदल्ने साहस देखाउनुपर्छ । निर्वाचनले केवल व्यक्तिको लोकप्रियता होइन, प्रणालीगत सुधार र संस्थागत शक्ति सुदृढ गर्नुपर्छ । साझा मोर्चा, साझा रणनीति र स्पष्ट एजेन्डाविना, जनताले विश्वास गर्न सक्दैन ।

साझा चुनावी मोर्चा, रास्वपा र उज्यालो नेपाल : हालको वस्तुस्थितिमा उज्यालो नेपाल र राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) एउटै चुनाव चिह्न (घन्टी) लिएर निर्वाचनमा जानु व्यावहारिक र सन्देशमूलक हुनेछ । यसले मत विभाजन रोकेर दुईतिहाइनजिकको जनादेश सम्भव बनाउँछ । सकिन्छ भने हर्कको श्रम संस्कृति पार्टीलगायत अन्य वैकल्पिक सोच भएकाहरूलाई पनि यस मोर्चामा सामेल गराउनुपर्छ । दुईतिहाइको उद्देश्य सत्ता होइन । उद्देश्य हो, संविधान संशोधन, संरचनागत सुधार र विकासको स्थायी जग । यसले पुराना शक्ति र नयाँ नेतृत्वबिच सन्तुलन कायम गर्ने अवसर दिन्छ ।

निर्वाचनपछि खुला महाधिवेशन र संस्थागत दल : निर्वाचन जितेपछि सबैभन्दा ठुलो परीक्षा सुरू हुन्छ, दल निर्माणको । व्यक्तिकेन्द्रित दल होइन, संस्थागत, लोकतान्त्रिक र पारदर्शी पार्टी निर्माण नै दीर्घकालीन समाधान हो । खुला महाधिवेशनमार्फत पार्टीको नाम, सिद्धान्त, विधान र नेतृत्व तय गरिनुपर्छ । पार्टीको मूल आधार हुनुपर्छ, स्वाभिमान र सबैको समृद्धि । यो दल लोकतान्त्रिक, प्रगतिशील, समानुपातिक–समावेशी र अग्रगामी चरित्रको हुनुपर्छ । सबै तहको नेतृत्व सार्वभौम सदस्यको प्रत्यक्ष मतबाट चयन होस् ।

भौगोलिक, जनसंख्या, समुदाय, उमेर र लैंगिक आधारमा पूर्ण समानुपातिक संरचना अनिवार्य होस् । नेतृत्व एक व्यक्ति, बढीमा दुई कार्यकाल, निरन्तर नहुने गरी अधिकतम आठ–दश वर्षसम्म सीमित रहोस् । पार्टी कोष पारदर्शी होस् । खर्चको सीमा नाघे उम्मेदवारी खारेज होस् । अल्पमत पक्षलाई निर्भीक आलोचनाको पूर्ण अधिकार होस् । कुशासन र भ्रष्टाचारसँग शून्य सहनशीलता अपनाइयोस् । नेतृत्वमा कुनै पनि नैतिक संकट देखिनासाथ राजीनामा दिई मार्गप्रशस्त गर्ने संस्कार विकास गरियोस् । व्यक्ति पूजा, अन्धभक्ति, जयगान र 'हिरोइज्म' होइन, विवेकसम्मत, तार्किक र संस्थागत प्रक्रियामा विश्वास गरियोस् । चुनावमा एउटै र चुनावपछि अर्को गठबन्धन गरेर मतदातालाई धोका नदिइयोस् । स्पष्ट बहुमत नआएसम्म प्रतिपक्षमा बस्ने धैर्य देखाइयोस् । देश बनाउने गफभन्दा पहिले सुशासित पार्टी बनाएर उदाहरण प्रस्तुत गरियोस् ।

नयाँ पुस्ता, राज्य क्षमता र समयको जोखिम : नेपालको राजनीतिक बहस आज व्यक्ति र घटनाकेन्द्रित भएर मात्र टिक्न सक्दैन । मुख्य प्रश्न राज्यको क्षमता र पुस्तागत भरोसासँग जोडिएको छ । आजको युवा पुस्ता रोजगारी, सेवा प्रवाह, न्याय र अवसरका मामिलामा राज्यलाई अक्षम ठान्न थालेको छ । यही कारण ठुलो संख्यामा युवा बिदेसिन बाध्य छन् ।

यदि यही अक्षम संरचना यथावत् रह्यो भने आगामी दशक नेपालका लागि जनसांख्यिक लाभ होइन, गहिरो संकटको दशक बन्नेछ । यस्तो अवस्थामा नयाँ नेतृत्वले केवल आलोचना होइन, परिणाम देखाउनुपर्छ । बालेनको काठमाडौंमा देखिएको प्रशासनिक दृढता, कुलमानले ऊर्जा क्षेत्रमा देखाएको संस्थागत सुधार र रविले राजनीतिमा उठाएको जवाफदेहिताको प्रश्न, यी सबै संकेत हुन् कि राज्यले चाहेमा काम गर्न सक्छ । तर, यी प्रयास छरिएर होइन, राष्ट्रिय नीतिगत तहमा एकीकृत हुन जरूरी छ । त्यसका लागि निर्वाचनमार्फत प्राप्त बलियो जनादेश अपरिहार्य हुन्छ ।

संविधान संशोधनको बहसलाई पनि यही सन्दर्भमा हेरिनुपर्छ । यो सत्ताकेन्द्रित स्वार्थका लागि होइन, शासन प्रणालीलाई कार्यकुशल बनाउने उपकरणका रूपमा आवश्यक छ । अस्थिर सरकार, अस्वाभाविक गठबन्धन र निर्णयहीनताको चक्र तोड्न स्पष्ट बहुमत र संस्थागत सुधार अनिवार्य छन् । यो अवसर गुम्यो भने पुराना शक्ति फेरि नयाँ अनुहार खोजेर पुरानै शैलीमा फर्कनेछन् । निर्वाचनमा ढिलाइ हुनेछ, अदालत र सडकको राजनीति बलियो हुनेछ र नयाँ पुस्तामाथि प्रतिशोध झन् संस्थागत हुनेछ । त्यसैले आजको प्रश्न 'को लोकप्रिय छ ?' होइन, 'को जिम्मेवारी लिन तयार छ ?' भन्ने हो ।

अन्तिम चेतावनी, इतिहासले माफी दिनेछैन : रवि, बालेन र कुलमान मिल्न सकेनन् भने जेन–जी आन्दोलन विखण्डित हुनेछ । पुराना शक्ति पुनः हाबी हुनेछन् । त्यसको सबैभन्दा ठुलो नैतिक जिम्मेवारी यी तीनैजनामाथि आउनेछ । यो अब व्यक्तिगत चाहनाको प्रश्न होइन । यो समयले थोपरेको साझा दायित्व हो । इतिहासले ढोका एकपटक मात्र खोल्छ । यो अवसर गुम्यो भने भविष्यले माफी दिनेछैन । आजै निर्णय गर्ने कि भोलि पछुताउने, यो छनोट अब यी तीनैजनाको हातमा छ । *- नयाँपत्रिका*

# जनता झुक्याउने अत्तरकाण्डको लीला

युग पाठक

अत्तर प्रसंग- एकादेशमा जब 'डिस्कर्ड' बाट प्रधानमन्त्री छानिँदै थियो, धेरैको ध्यान प्रधानमन्त्री बन्न लागेको अनुहारतिर खिचिएको थियो । यो पंक्तिकारको ध्यान भने 'डिस्कर्ड' नामको डिजिटल एपले तान्यो । छद्मभेषमा लुकेर खेल खेल्ने मैदान डिस्कर्डले उपलब्ध गराएको थियो र पर्दाभित्रबाट छद्मभेषीहरू निर्धक्क लाहा तताएर प्रधानमन्त्री पदको लालमोहर लगाउँदै थिए ।

डिस्कर्डको सिधा अर्थ हुन्छ- भद्रगोल । डिजिटल युगमा भद्रगोलको पनि कोड हुन्छ, त्यो कोड 'ओपन-सोर्स' (खुला) छ र त्यसको बजार बेहिसाब । यद्यपि हामी बाँचिरहेको परिवेश नौलो छ तर बुझ्न नसकिने होइन, जटिल छ तर छिचोल्न नसकिने होइन ।

जर्मन लेखक प्याट्रिक सस्किन्डको चर्चित उपन्यास 'पर्फ्युम' (अत्तर) को प्रसंगबाट कुरा अगाडि बढाऔं । उपन्यासमा अद्भूत सुँघ्ने क्षमता भएको एउटा पात्रको कथा छ । अद्भूत घ्राणशक्तिले उसलाई अत्तर कारखानातिर डोऱ्याउँछ । नयाँ-नयाँ प्रयोग गरेर किसिम किसिमका अत्तर बनाउन ऊ सफल हुन्छ । क्रमशः उसका अत्तरको ख्याति बढ्न थाल्छ र उसको महत्त्वाकांक्षा पनि । अन्ततः कुनै युवतीको शरीरमा अन्तर्निहित बास्ना झिकेर अद्भूत अत्तर तयार पार्ने भूत एक दिन उसको दिमागमा सवार हुन्छ । अलौकिक अत्तर (पर्फ्युम) आविष्कार गर्ने लालसामा ऊ क्रमशः एकपछि अर्को युवतीहरूको हत्या गर्दै जान्छ । एक दिन त्यस्तो अत्तर बनाउन ऊ सफल पनि हुन्छ ।

लगत्तै ऊ पक्राउ पर्छ र उसलाई फाँसीको सजाय सुनाइन्छ । अनि एउटा किल्लामा उसलाई सार्वजनिक फाँसी दिन लगिन्छ । उत्ताउलो भीड चिच्याइरहेको हुन्छ- हत्यारा ! हत्यारा ! ऊ मन्दमन्द मुस्कुराउँछ र त्यही अत्तर हावामा उडाइदिन्छ । उसलाई झुन्ड्याउन माग गर्दै उत्ताउलो भइरहेको भीड अत्तरको प्रभावमा पर्नेबित्तिकै मदहोस हुन थाल्छ । अनि तुरुन्तै उसैलाई 'देवदूत ! देवदूत ! ' भन्दै चिच्याउन थाल्छ । सिंगो किल्ला नै उसको अघिल्तिर नतमस्तक हुन्छ । जुन अत्तर बनाउन उसले पच्चीस युवतीको हत्या गरेको थियो, त्यही अत्तर प्रयोग गरेर ऊ अचानक हत्याराबाट देवदूत पुकारिन्छ र फाँसीको तखताबाट सकुशल उम्केर हिँड्छ ।

ठीक यस्तो काण्डको नाम हो- अत्तरकाण्ड । अचेल अत्तरकाण्डको तुफान नै चलेको छ । डिजिटल प्रविधिको प्रभुसत्ताले प्रत्येक दिमागमा कब्जा जमाउने र अल्गोरिदमको रिमोट कन्ट्रोलबाट नियन्त्रण गर्ने चाल चलिरहेको आजको जमानामा अत्तरकाण्ड एक राजनीतिक यथार्थ हुन पुगेको छ । कुनै दरबारिया हत्याकाण्ड, भ्रष्टाचारकाण्ड वा अग्निकाण्ड जस्ता ऐतिहासिक घटनाक्रममा अत्तरकाण्ड फिट खाँदैन, बरू यसले क्रमभङ्ग गरेर नयाँ चुनौती पेस गरेको छ । आमसमाजमा कृतिम मदहोसी फैलाउन सक्ने यसको शक्तिलाई कम आँक्न मिल्दैन । यसर्थ हाम्रो समाज र राजनीतिमा खुट्टा पसारिसकेको अत्तरकाण्डलाई नचिनीकन अब यो मुलुकको भविष्य बोधगम्य लाग्ने छैन ।

भर्खरै स्थापित ताजा भाष्यले भन्छ- जेन-जी आन्दोलन 'डिस्कर्ड' मार्फत उठेको थियो । तर सडकमा आएका जेन-जीहरूले आन्दोलन कुन बिन्दुबाट दर्दनाक विद्रोहमा परिणत भयो थाहै पाएनन् । तसर्थ 'डिस्कर्ड' कै अल्गोरिदमबाट नयाँ सरकार नै कसरी उत्पादन गरियो, त्यो त झन् आश्चर्यको विषय हुने भैहाल्यो । तैपनि 'डिस्कर्ड' लाई नै आन्दोलन उठाउने जादुको बाकस किन ठानिएको हो भने यहाँ डिजिटल प्रविधिले ल्याइरहेको आश्चर्यजनक परिवर्तनको भाष्य बलियो छ । आन्दोलन र विद्रोहहरू मात्र होइन, समग्र राजनीति नै डिजिटल प्रविधिको पकडमा गएको सजिलो व्याख्या जताततै व्यप्त छ ।

विशेषगरी फेसबुक, एक्स, ह्वाट्सएप, टिकटक, युट्युब जस्ता डिजिटल साधनहरूको प्रयोगबाट राजनीतिक शक्ति सन्तुलन बदलिएको भाष्य नेपालमा झन् बलियो छ । राजनीतिमा बालेन, रवि लामिछाने जस्ता पात्रहरूको उदय हुन पनि प्रविधिले नै सम्भव गरायो भन्ने गरिएको छ । डिजिटल प्रविधिसँगै हुर्किएको मानिने जेन-जी पुस्ताको विद्रोह त झन् प्रविधिले सम्भव गराएको मानिनु अनौठो भएन । के (अ)सामाजिक सञ्जालले आधारभूत जनतालाई साँच्चै बलियो बनाएको हो त ? साँच्चै सुसूचित गरेको हो ? ज्ञानसम्पन्न बनाएको हो ? युवा पुस्तालाई साँच्चै बागी विप्लवी बनाएको हो ? साँच्चै परिवर्तनको सूत्रधार बनेको हो त डिजिटल प्रविधि ? कि यो अत्तरकाण्ड मञ्चन गर्ने सुसज्जित अखडा बनेको हो ?

सूचना प्रविधि विज्ञानको एक नयाँ चमत्कारकै रूपमा आएको हो, यसले जीवनका आयामहरू बदलेको, सर्वसाधारणको सूचनाको पहुँच बढाइदिएको पनि सत्य हो । समानान्तर सत्य के पनि हो भने हामी जे जस्ता डिजिटल उत्पादन उपभोग गरिरहेका छौं, तिनका मालिक आजको संसारका सबैभन्दा प्रभुत्वशाली खर्बपतिहरू हुन् । उनीहरूले निर्माण गरेको नयाँ अर्थव्यवस्थालाई विद्वान्हरूले 'डिजिटल पुँजीवाद', 'ध्यान अर्थतन्त्र' (एटेन्सन इकोनोमी), 'निगरानी अर्थतन्त्र' (सर्भेलेन्स क्यापिटलिज्म) आदि नामकरण गरेका छन् । तपाईं-हाम्रा निजी सूचना (तस्बिर, रूचि, आनीबानी, स्वास्थ्य समस्या, घरव्यवहार, रिस/ईर्ष्या/माया आदि-आदि) डलर खर्बपतिहरूले पलपल संकलन गर्ने कच्चा पदार्थ हुन् । तपाईं-हाम्रो अस्तित्व उनीहरूका लागि केवल सूचना बिन्दु (डेटा प्वाइन्ट) हो । झिल्के स्क्रिनमा हामीले बिताउने समय अर्थात् हाम्रो उमेरको हिस्सा ती प्रभुत्वशाली खर्बपतिको ढुकुटीमा थुप्रिरहेको हुन्छ ।

आममानिसको सूचना र धन जसको नियन्त्रणमा पुग्छ, ऊ सबैभन्दा शक्तिशाली हुन्छ । यो स्वयम्सिद्ध तथ्य हो । आफ्नो विस्फोटक पुस्तक 'द एज अफ सर्भेलेन्स क्यापिटलिज्म' मा सुसाना जुबोफले निकालेको निष्कर्ष के हो भने शक्तिशाली टेक कम्पनीले निगरानी अर्थतन्त्रको यस्तो नयाँ जञ्जाल बिछ्याएका छन्, जसको कच्चा पदार्थ पनि सर्वसाधारण हुन् र उपभोक्ता पनि । तिनले आफ्ना एपमार्फत हामीमाथि चौबिसै घण्टा निगरानी राखेर हाम्रो रूचि, प्राथमिकता, असन्तुष्टि, राजनीतिक झुकाव आदि व्यक्तिगत सूचना व्यर्थै संकलन गरेका होइनन् । त्यो सूचनाबाट न कपडा बन्छ, न त बिजुली नै । बरू तपाईंका सूचनाको प्रयोग गरेर तपाईंकै रूचि, इच्छा र व्यवहारमा हस्तक्षेप गरिन्छ । तपाईंले थाहै नपाई तपाईंको दिमागमा अरूले नै रचेका घृणा, रूचि, इच्छा र आक्रोशहरूले कब्जा जमाइसकेका हुन्छन् ।

फेकन्युज, डिपफेक, एआईले बनाउने फेक फोटो/भिडियो, होहल्ला, बबण्डर आदि आज दैनिक भोगाई भइसकेका छन् । सत्य र असत्य, तथ्य र मिथ्या, वास्तविक र अवास्तविकको भेद छुट्याउन नसक्ने स्थितिको मान्छे सिकार भइरहेको छ । आफ्नै जीवनमाथि आफ्नो नियन्त्रण नभएको जस्तो, आफ्नै इच्छा/आकांक्षामाथि आफ्नो पकड नभएको जस्तो, आजको मान्छेले आफ्नो निजत्व र गरिमा नै मोबाइलको प्रकाशभित्र डुबेर नष्ट भइरहेको जस्तो महसुस किन गरिरहेको छ ? किनभने तपाईं जतिजति सञ्जालको जञ्जालमा फस्दै जानुहुन्छ, त्यतित्यति नै जुकरबर्ग, एलन मस्कहरूको धन र शक्तिको ढुकुटी भरिँदै जान्छ । त्यसको राजनीतिक परिणाम के हुन्छ ? विश्वव्यापी असमानता बढ्दै जान्छ, मुट्ठीभर धनाढ्यको हातमा शक्ति र सम्पत्ति थुप्रिन्छ, अनि सर्वसाधारण जनताको स्वतन्त्रता र अधिकार खारेज हुँदै जान्छ ।

जुबोफ र अरू धैरै अनुसन्धानकर्ताका अनुसार डिजिटल पुँजीवादले जुन हदमा जनताको दैनिकी नियन्त्रित गरिराखेको छ, त्यसभन्दा बढी लोकतन्त्रकै भविष्यमाथि खतराको तरबार झुन्ड्याइदिएको छ । युरोप/अमेरिकामा टेक खर्बपतिहरूले चरम दक्षिणपन्थी राजनीतिलाई जिताउन पैसाको खोलो बगाइरहेको तथ्यले आखिर के भन्छ ? निगरानी पुँजीवादी व्यवस्थाले अन्ततः आफ्नो शक्ति, पैसा र प्रविधि किन आप्रवासीप्रति घृणा गर्ने गोरा नश्लवादी राष्ट्रवादको राजनीति जगाउन खन्याइरहेको छ ? किनभने यसको वास्तविक चरित्र नै त्यही हो । यो अर्थव्यवस्थाको सबैभन्दा ठूलो सिकार कुनै पुस्ता भएको छ भने त्यो जेन-जी नै हो । आखिरीमा एउटा पुस्तालाई जेन-जी भन्ने ट्याग लगाइएको नै व्यापारिक प्रयोजनका लागि थियो ।

कोकाकोला खाएर आधुनिक बन्नु र मिम हेरेर सुसूचित वा ज्ञानी हुनु उस्तैउस्तै हो । डिजिटल कर्पोरेटले रचेका केही शब्दावली सुगाले झैं दोहोऱ्याएर न स्वतन्त्र हुन सकिन्छ, न त नयाँ समयको सारथि । ग्रिसका अर्थशास्त्री यानिस भारूफाकिसको पुस्तक 'टेक्नोफ्युडलिज्म : ह्वाट किल्ड क्यापिटलिज्म' का अनुसार आजको मानव जगत् लतारिएर टेक्नो-सामन्तवादमा पुगेको छ । खेलका सारा नियम टेक्नो-सामन्तहरूले बनाइरहेका छन् भने त्यही खेल मैदानलाई मुक्ति मैदान ठान्नेहरू अत्तरकाण्डको बेहोसीमा नराम्रोसँग फसेको देख्न सकिन्छ । त्यसैले अपूर्व द्विविधा र भ्रममा परेर आलोचनात्मक चिन्तन र स्वतन्त्रताका संघर्षहरू गुमराह भइरहेका छन् ।

नेपालको पछिल्लो राजनीतिक संक्रमण टेक्नो-सामन्तवादकै प्रत्यक्ष उत्पादन जस्तो प्रतीत हुन्छ । एक्काइसौं शताब्दीका अढाई दशकमा अमेरिकी नेतृत्वको उदार विश्वव्यवस्था भत्किँदै मात्र छैन, युरोप/अमेरिकाकै राष्ट्रिय सत्ताहरूमा चरम दक्षिणपन्थीहरूले पकड जमाइरहेका छन् । त्यसको प्रत्यक्ष प्रभाव नेपाल जस्तो परनिर्भर र जरा उखेलिएको समाजमा घातक ढंगले परिरहेको छ । यो मुलुकको आर्थिक, सामाजिक संकट दिनानुदिन बढ्दै गइरहेको छ । तिनै संकटको नाभीबाट राजनीतिक संकट चरम बन्दै गइरहेको छ । यही बेला एक-से-एक मसिहाहरू 'देश बनाउने' अत्तर छर्किंदै राजनीतिको मैदानमा उत्रिएका छन् । यस्तो लाग्छ, इतिहासको अन्तिम भोज खान उनीहरू तँछाडमछाड गरिरहेछन् ।

मसिहापन्थ भनेको सामन्ती परम्पराकै एउटा रूप हो । उदारवादी वा मार्क्सवादी विचार प्रणालीअन्तर्गत आधारभूत जनताको हकको लडाइँ लडेर नै सामन्ती सत्ताहरू ढालिएको इतिहास छ । नेपालमा २०४७ को प्रजातान्त्रिक संविधानमा समेत राजपरिवारका कुनै पनि सदस्यमाथि अदालतमा प्रश्न उठाउन पाइँदैनथ्यो । राजतन्त्र सामन्ती शासन व्यवस्था भएकैले राजपरिवार संविधान वा कानुनभन्दा माथि हुन्थ्यो । लोकतान्त्रिक गणतन्त्रको राजनीतिमा विचार र प्रणालीको स्थान प्रमुख हुन्छ भने व्यक्ति प्रणालीको कर्ता । मसिहापन्थले चाहिँ व्यक्तिलाई प्रमुख बनाउँछ, त्यसैले प्रकारान्तरले त्यो सामन्तवादी विचारकै कर्ताधर्ता हुन पुग्छ ।

टेक्नो-सामन्तवादले लोकतान्त्रिक प्रणालीभित्रै महिसापन्थलाई हुर्किने वातावरण बनाइदिएको छ । अमेरिकी पत्रकार क्रिस हेजले आफ्नो पुस्तक 'द साइरेन्स कल' मा भनेअनुसार (अ)सामाजिक सञ्जाल उद्योगका लागि प्रत्येक मान्छेको ध्यान (एटेन्सन) नै बिक्रीको वस्तु हो । यिनले हाम्रो उमेर मात्र खाँदैनन्, हामीलाई अत्तरकाण्ड मच्चाइरहेकाहरूका बबण्डरमा ध्यान केन्द्रित गर्न लगाउँछन् । हाम्रो वास्तविक जीवनका मुद्दा, समस्यामाथि चिन्तन गर्ने समय र मनस्थिति ध्वस्त पारिदिन्छन् । हाम्रा व्यक्तिगत र सामूहिक संघर्षहरू अलपत्र पर्छन् र हामी अत्यासग्रस्त मानसिकतामा कुनै मसिहाले मच्चाएको अत्तरकाण्डको सिकार हुन्छौं । यस प्रकार सर्वसाधारणको उमेर, पैसा र ध्यान तानेर हाम्रो जीवनसँग सरोकार नै नराख्नेहरू धनी र शक्तिशाली हुन्छन् । हाम्रो हातबाट हाम्रै राजनीतिसमेत मसिहाहरूले खोसेर लैजान्छन् ।

टेक्नो-सामन्तवादले लोकतन्त्रको मैदान मात्र होइन, उदारवादले आदर्श मानेको बजार अर्थतन्त्र पनि ध्वस्त तुल्याइदिन्छ । अचम्मको कुरा त के भने लोकतान्त्रिक व्यवस्थाका भ्यानगार्ड बौद्धिक तथा राजनीतिकर्मीहरूलाई समेत यसले व्यक्तिरेखी बहस, चिन्तन र आलोचनाको घनचक्करमा पारिदिंदो रहेछ । लोकतान्त्रिक गणतन्त्रका सारथि भनेका जनतालाई केन्द्रमा राख्ने विचारधाराले निर्मित राजनीतिक पार्टी हुन् । ती पार्टीभित्र निरंकुश नेतृत्वको विकास भयो भने पनि त्यसको विरूद्धको संघर्ष वैचारिक हुनुपर्छ । व्यक्तिरेखी चिन्तनका आधारमा गरिने संघर्षले एउटा व्यक्तिको ठाउँमा अर्को व्यक्तिको मात्र परिकल्पना गर्दछ ।

लोकतान्त्रिक पार्टीभित्र निरंकुश नेतृत्वको निर्माण कसरी हुन्छ ? यसको सिधा जवाफ हुन्छ- विचार र प्रणालीको निरन्तर विकास अवरूद्ध भएर । त्यसो भए निरंकुश नेतृत्वविरूद्धको संघर्ष केवल व्यक्तिरेखी चिन्तन र संघर्षबाट सम्भव छ ? छैन । त्यस्तो संघर्षको प्रस्थानबिन्दु नै वैचारिक हुनुपर्छ । राजनीतिक पार्टीको महत्त्व किन पनि हो भने उसलाई उसले बोकेको विचार र एजेन्डाकै आधारमा प्रश्नको कठघरामा उभ्याउन सकिन्छ । व्यक्तिरेखी बहस र संघर्षले अन्ततः मसिहापन्थलाई नै बाटो बनाइदिन्छ । यसर्थ विचारलाई केन्द्रमा राखेर बहस उठाउनु, मुद्दाहरू तिखो बनाउनु र राजनीतिलाई सत्ताको खेलबाट जनताको घरआँगनतिर तान्नु आजको चुनौती बनेको छ । लोकप्रियतावाद (पपुलिज्म) को हावा संसारभरि चलेको छ । नेपालमा उत्पन्न मसिहापन्थ त्यसैको एक अवतार मात्रै हो । यसको जरा नेपाली समाजका वास्तविक समस्या र तिनका उपचारसँग जोडिएको छैन । यो हावाहावामै बेलुन फुलेझैं फुलेको छ । यसको सम्पूर्ण रणनीतिलाई एकै शब्दमा बुझ्न सकिन्छ- अत्तरकाण्ड ।

(अ)सामाजिक सञ्जाल र टेक्नो-सामन्तवादले अत्तर छर्किने र मान्छे लठ्याउने प्लाटफर्म उपलब्ध गराइदिएका छन् । सामान्य जनताको शक्ति के हो भने जुन दिन अत्तरको प्रभावले छोड्छ, मान्छे आफ्नै घर/गाउँ/टोलमा ब्युँझिन्छ र ऊ आफ्नो एवम् आफ्नो समाजको मुद्दा बोकेर लड्न आउँछ ।

नेपाली समाजको जरा उखेलिने क्रम जारी छ । संस्कृतिको जरा, उत्पादनको जरा, पारिवारिक संरचनाको जरा, कृषिको जरा, सबै सबै जराहरू । यो समाजले भोगिरहेको संकटतिर फर्किनासाथ अत्तरकाण्डको नशा उत्रिन थालिहाल्छ । किनभने यो बहुआयामिक र चुनौतीपूर्ण संकटको सामना गर्न अलग्गै स्तरका वैचारिक, राजनीतिक तयारी चाहिन्छ । विदेश बस्ने कर्मशील नेपालीहरूलाई केही समय अवश्य भ्रम पार्न सकिएला, तर उनीहरूलाई पनि डिजिटल झ्यालबाट देखाइने चलचित्र वास्तविक होइन भन्ने थाहा पाउन धेरै समय लाग्ने छैन ।

अत्तरकाण्डको तुफान चलिरहँदा नेपाली समाज र राज्यको वास्तविकता चिन्ने र भविष्यको रेखा कोर्न सक्ने विचारको विकासमा लागिरहनु भने महत्त्वपूर्ण हुनेछ । *-कान्तिपुर*



# तल्ला तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम संघले आफैं तान्ने




काठमाडौं । वित्तीय हस्तान्तरणमार्फत दिएको रकम प्रदेश र स्थानीय तहले खर्च गर्न नसके संघीय सरकार आफैँले खिच्न सक्ने व्यवस्था गरिएको छ । यसअघि तल्ला तहले खर्च गर्न नसकेको रकम आर्थिक वर्ष सकिएको एक महिनाभित्र संघीय सरकारको सञ्चित कोषमा पठाउनुपर्ने व्यवस्था थियो । तर, अब भने तल्ला तहको सञ्चित कोषमा गएको, तर खर्च नभएको रकम राष्ट्र बैंकमार्फत संघीय सरकार आफैँले तान्ने भएको हो ।

सरकारले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन र नियमावली संशोधन गरी तल्ला तहले खर्च गर्न नसकेको ससर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदानको रकम सोही आर्थिक वर्षभित्र संघीय सञ्चित कोषमा तान्ने व्यवस्था गरेको हो । विगतमा तल्ला तहले रकम फिर्ता गर्नुपर्ने व्यवस्था थियो । तर, सरकारले गत चैतमा ऐन संशोधन गर्दै खर्च नभएको वित्तीय हस्तान्तरणको रकम सोही आवभित्र संघीय सञ्चित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था गरेको थियो । ३ पुसमा नियमावली संशोधन गर्दै सरकारले राष्ट्र बैंकमार्फत सरकार आफैँले रकम तान्न सक्ने व्यवस्था गरेको हो । आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली (दोस्रो संशोधन) २०८२ ले तल्ला तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम अर्थ मन्त्रालयको परिपत्रका आधारमा महालेखा नियन्त्रक कार्यालयले राष्ट्र बैंकमार्फत संघीय सञ्चित कोषमा फिर्ता गराउन सक्ने व्यवस्था गरेको छ ।

संशोधित व्यवस्थाअनुसार संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने रकम फिर्ता नगरेमा महालेखा नियन्त्रक कार्यालयले विद्युतीय प्रणालीमा खर्च नभई बाँकी रहेको रकमको विवरण अर्थ मन्त्रालयमा पेस गर्नुपर्नेछ । प्रदेश वा स्थानीय तहको खाताबाट संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने भएमा अर्थ मन्त्रालयले सोहीबमोजिम निर्णय गरी महालेखा नियन्त्रक कार्यालयलाई लेखिपठाउन सक्नेछ । अर्थ मन्त्रालयबाट लेखिआएमा महालेखा नियन्त्रक कार्यालयले संघीय सञ्चित कोषमा रकम दाखिला गर्न राष्ट्र बैंकमा लेखिपठाउनुपर्नेछ । र, राष्ट्र बैंकले सम्बन्धित वाणिज्य बैंकबाट रकम प्राप्त गरी संघीय सञ्चित कोषमा जम्मा गरी सोको जानकारी महालेखा नियन्त्रक कार्यालयलाई दिनुपर्ने व्यवस्था गरिएको छ ।

वित्तीय हस्तान्तरण भएको रकमको एकीकृत र यथार्थ विवरण समयमै तयार गर्न तथा आर्थिक एव वित्तीय अनुशासन कायम गर्न यस्तो व्यवस्था गरिएको महालेखा नियन्त्रक कार्यालयका उपमहालेखा नियन्त्रक तथा अन्तरसरकारी वित्त समन्वय शाखा प्रमुख यज्ञप्रसाद ढकालले बताए । आधाभन्दा बढी स्थानीय तहले खर्च गर्न नसकेको वित्तीय हस्तान्तरणको रकम समयमै फिर्ता नगर्ने गरेका कारण अनुशासनमा बाँध्ने तथा रकम खिच्न सहज बनाउने व्यवस्था गरिएको उनको भनाइ छ ।

'एकातर्फ स्थानीय तहमा खर्च नभएको पैसा होल्ड भएर बस्ने, अर्कातर्फ संघीय सरकारलाई स्रोत परिचालनमा सकस हुने कतिपय अवस्था पनि देखिने गरेको छ, नगदको व्यवस्थापनका लागि पनि तल्ला तहले खर्च नगरेको रकम समयमै संघीय सञ्चित कोषमा ल्याउनुपर्ने हुन्छ,' उनले भने, 'संघले दिएको ससर्त, विशेष र समपूरक अनुदान रकम तोकिएको परियोजना तथा कार्यक्रममा खर्च गर्न सके पनि आधाभन्दा बढी स्थानीय तहले त्यस्तो रकम समयमै फिर्ता गर्दैनन्, त्यही भएर यसलाई स्पष्ट र सहज बनाइएको हो ।'

गाउँपालिका राष्ट्रिय महासंघका उपाध्यक्ष लक्ष्मणबहादुर शाहीले खर्च नभएको ससर्त, विशेष र समपूरक अनुदान फिर्ता गर्नुपर्ने विषयमा कुनै द्विविधा नरहेको बताए । तर, यसको विधि र प्रक्रियामा भने प्रश्न उठ्ने उनले बताए ।

'खर्च नभएको अनुदान फिर्ता गर्नैपर्छ नियमअनुसार, पालिकाहरूले फिर्ता गरिरहेका पनि छन्, एकाधमा समस्या होला त्यो फरक कुरा भयो,' उनले भने, 'तर, संघीय सरकारले प्रणालीभित्र छिरेर आफैँ रकम खिच्ने व्यवस्था ठिक हो कि होइन ? यसरी सीधा संघीय सरकारले रकम खिच्न सक्ने व्यवस्था संविधानको मर्म र भावनाअनुसार हो, किन होइन ? यस्ता प्रश्नको उत्तरचाहिँ संघीय सरकारले दिनुपर्ने हुन्छ ।' समान अस्तित्वका सरकारलाई एउटा मातहतको कार्यालयको जस्तो व्यवहार गर्न नमिल्ने उनले बताए ।

अघिल्लो आर्थिक वर्ष संघीय सरकारले वित्तीय हस्तान्तरणअन्तर्गत दुई खर्ब ३४ अर्ब ७७ करोड ६९ लाख रूपैयाँ ससर्त अनुदान, १२ अर्ब ९० करोड विशेष अनुदान र १३ अर्ब २० करोड समपूरक अनुदान बजेट विनियोजन गरेको थियो । तर, उक्त आवमा खर्च नभएको रकम आधाभन्दा बढी स्थानीय तहले समयमै संघीय सरकारको कोषमा दाखिला गरेनन् । एउटा स्थानीय तहले हालसम्म पनि खर्च नभएको अनुदान संघीय सञ्चित कोषमा दाखिला नगरेको अर्थ मन्त्रालयका एक अधिकारीले जानकारी दिए ।

'स्थानीय तहलाई जे कामका लागि पैसा दिएको हो, उनीहरूले त्यो काम नगरेमा वा खर्च गर्न नसकेमा, खर्च नभएको रकम फिर्ता गर्नुपर्ने स्पष्ट व्यवस्था भए पनि कतिपय स्थानीय तहले अटेर गर्छन्,' ती अधिकारीले भने, 'पटक-पटक चिठी पठाउँदा पनि पैसा फिर्ता गर्दैनन्, उनीहरू संवैधानिक हिसाबले स्वयत्तता भए पनि, छुट्टै सरकार भए पनि पैसा लाने, तर हिसाब नदिने गर्न मिल्दैन ।' तल्ला तहलाई अनुशासनमा बाँध्नसमेत ऐन र नियम संशोधन गरेर खर्च नभएको रकम खिच्ने व्यवस्था गरिएको उनले बताए ।

# २० प्रतिशत बढ्यो वैदेशिक व्यापार

काठमाडौं । चालू आर्थिक वर्ष ०८२/८३ को पाँच महिना (साउन-मंसिर)मा वैदेशिक व्यापार अघिल्लो आर्थिक वर्ष ०८१/८२ को सोही अवधिको तुलनामा २० प्रतिशतले बढेको छ । गत आवको पाँच महिनामा भएको वैदेशिक व्यापार सात खर्ब ३५ अर्ब १४ करोड रूपैयाँबाट बढेर यो वर्ष आठ खर्ब ८२ अर्ब ६९ करोड रूपैयाँ पुगेको भन्सार विभागको तथ्यांक छ ।

पाँच महिनाको वैदेशिक व्यापार तथ्यांकमा निर्यातको हिस्सा उल्लेख्य सुधार भएको छ । अघिल्लो वर्ष ७३ अर्ब ६५ करोड रूपैयाँ रहेको निर्यात अहिले एक खर्ब १६ अर्ब ५० करोड रूपैयाँ पुगेको हो । यो ५८ प्रतिशतभन्दा बढीको वृद्धि हो । आयात पनि १६ प्रतिशतले बढेका कारण व्यापार घाटा झनै चुलिएको छ ।

गत आवको पाँच महिनामा ६ खर्ब ६१ अर्ब ४८ करोड रूपैयाँ रहेको आयात यो वर्ष सात खर्ब ६६ अर्ब १८ करोड रूपैयाँ पुगेको छ । जसकारण व्यापार घाटा पाँच खर्ब ८७ अर्ब ८२ करोड रूपैयाँबाट बढेर ६ खर्ब ४९ अर्ब ६८ करोड रूपैयाँ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा करिब १०.५ प्रतिशतको वृद्धि हो ।

आयातको तुलनामा निर्यात वृद्धि छिटो भएकाले आयात-निर्यात अनुपातमा सुधार देखिएको छ । अघिल्लो वर्ष ८.९८ रहेको यस्तो अनुपात यसपालि ६.५८ मा झरेको छ । कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा १०.०२ प्रतिशतबाट बढेर १३.२० प्रतिशत पुगेको छ भने आयातको हिस्सा ८९.९८ प्रतिशतबाट घटेर ८६.८० प्रतिशतमा सीमित भएको छ ।

पाँच महिनाको वैदेशिक व्यापार तथ्यांकमा प्रमुख आयात हुने वस्तुहरूमा इन्धन, कच्चा खानेतेल, मल, फलाम-इस्पात र विद्युतीय उपकरणहरू अग्रस्थानमा छन् । तथ्यांकअनुसार कच्चा सोयाबिन तेल सबैभन्दा धेरै आयात हुने वस्तु बनेको छ । यसको आयात मूल्य ४६ अर्ब ९७ करोड रूपैयाँभन्दा बढी रहेको छ । त्यसपछि डिजेल ४५ अर्ब ६० करोड रूपैयाँ र पेट्रोल २७ अर्ब ३३ करोड रूपैयाँबराबर आयात भएको छ ।

त्यस्तै, खाना पकाउने ग्यास (एलपिजी) २२ अर्ब ३९ करोड, फलामजन्य उत्पादन २१ अर्ब ८४ करोड र स्मार्ट फोन आयात १९ अर्ब १३ करोड रूपैयाँबराबर भएको छ । रासायनिक मल डिएपी १९ अर्ब सात करोड, सुन १५ अर्ब ७२ करोड, हट-रोल्ड फलाम तथा इस्पातजन्य सामग्रीको आयात ११ अर्ब ६४ करोड रहेको छ । औषधिजन्य सामग्रीको आयात ११ अर्ब ५६ करोड रूपैयाँ पुगेको छ । हवाई इन्धन आठ अर्ब ३४ करोड, कच्चा सनफ्लावर तेल सात अर्ब ६ करोड, कोइला सात अर्ब र धान ६ अर्ब ८८ करोडको आयात भएको भन्सार विभागले जनाएको छ ।

पाँच महिनामा निर्यात भएका वस्तुमा कृषि तथा धागो र कपडा उत्पादनको दबदबा छ । यस अवधिमा सबैभन्दा बढी प्रशोधित सोयाबिन तेल ४६ अर्ब ५५ करोड रूपैयाँबराबरको निर्यात भएको छ । अलैँची निर्यात दोस्रो स्थानमा छ, जसको निर्यात मूल्य पाँच अर्ब ५३ करोड रूपैयाँ पुगेको छ ।

त्यसैगरी, ऊन वा जनावरको रौँबाट बनाइएका गलैँचाको निर्यात पनि उल्लेख्य रहेको छ । यस समूहअन्तर्गत चार अर्ब १३ करोड रूपैयाँबराबरको गलैँचा निर्यात भएको छ । विदेशमा परम्परागत नेपाली हस्तकलाको माग बढेको तथ्यांकले देखाउँछ । खानेतेलतर्फ सूर्यमुखी र स्याफ्लावरको प्रशोधित तेल, रिफाइन्ड ब्लिच्ड डिओडोराइज्ड पाम ओलिनजस्ता वस्तुहरू पनि निर्यात सूचीमा अग्रस्थानमा छन् । यस्तै, जुट तथा फाइबरबाट बुनेका कपडा, फेल्टजन्य सामग्री र जुटका बोराको निर्यात पनि उल्लेख्य छ ।

पोलिस्टर फाइबरयुक्त धागो, ऊन वा जनावरको रौँबाट बनेका सल, स्कार्फ, मफलरलगायतका सामग्रीको निर्यातले पनि योगदान दिएको छ । कालो चियाको निर्यात निरन्तर कायम देखिन्छ । त्यस्तै, मिश्रित फलफूलको रस, खुद्रा बिक्रीका लागि प्याक गरिएको कुकुर तथा बिरालोको आहार र तोरीको पिना पनि प्रमुख निर्यात वस्तुमा परेका छन् ।

## खेलकुद

# महिला टी-२० विश्वकप ग्लोबल छनोटमा नेपालले पहिलो खेल थाइल्यान्डसँग

नेपाली महिला राष्ट्रिय क्रिकेट टोलीले आसन्न आइसिसी टी-२० विश्वकपको ग्लोबल छनोटमा थाइल्यान्डविरूद्ध पहिलो खेल खेल्ने छ । आयोजक नेपाल क्रिकेट संघ (क्यान)ले मंगलबार ग्लोबल छनोटको खेल तालिका निकाल्दा नेपालले थाइल्यान्डसँग खेल्दै छनोटको यात्रा सुरू गर्नेछ । ग्लोबल छनोट प्रतियोगिता त्रिवि अन्तर्राष्ट्रिय क्रिकेट मैदान, मूलपानीको माथिल्लो र तल्लो मैदानमा हुने क्यानका प्रवक्ता छुम्बी लामाले बताएका छन् ।

यी तीनवटै मैदानमा सन् २०२६ को जनवरी १८ देखि २ फेब्रुअरीसम्म छनोट चल्नेछ । नेपाल, थाइल्यान्ड रहेको समूह 'बी' मा जिम्बावे, नेदरल्यान्ड्स र स्कटल्यान्ड छन् । समूह 'ए'मा बंगलादेश, आयरल्यान्ड, नामिबिया, पपुवा न्युगिनी र अमेरिका छन् । १० राष्ट्रको सहभागिता रहने प्रतियोगितामा दुवै समूहका शीर्ष तीन टोली सुपर सिक्समा पुग्नेछन् । नेपालले १४ जनवरीमा आयरल्यान्डसँग तल्लो मूलपानी अभ्यास खेल खेल्नेछ । १६ जनवरीमा त्रिवि मैदानमा अमेरिकासँग नेपालको अभ्यास खेल तालिका रहेको क्यानले जनाएको छ ।

अभ्यास खेलपछि ग्लोबल छनोट प्रतियोतिगा सुरू हुनेछ । १८ जनवरीमा थाइल्यान्ड, २२ जनवरीमा नेदरल्यान्ड्स र २४ जनवरीमा जिम्बावेसँग नेपालको खेल तालिका रहेको छ । समूह चरणको अन्तिम खेलमा नेपालले २६ जनवरीमा स्कटल्यान्डविरूद्ध प्रतिस्पर्धा गर्ने छ । नेपालले महिला टी-२० विश्वकप छनोट पहिलोपटक आयोजना गर्न लागेको हो । क्यानले छनोटका लागि दोस्रो चरणका लागि २० सदस्यीय खेलाडी छनोट गरिसकेको छ । ग्लोबल छनोटमा शीर्ष चार टोलीले अर्को वर्ष आइसिसी महिला टी-२० विश्वकप खेल्नेछन् ।

गत मे महिनामा थाइल्यान्डमा एसियन क्षेत्रीय टी-२० विश्वकप छनोट भएको थियो । एसियन छनोटमा नौ राष्ट्रले प्रतिस्पर्धा गरेका थिए । यस छनोट प्रतियोगिताको शीर्ष दुई टोली ग्लोबल छनोटमा प्रवेश हुने प्रावधान थियो । प्रतियोगितामा आयोजक थाल्यान्ड, कुवेत, भुटान, युएई, मलेसिया, कतार, नेपाल, हङकङ र बहराइनले भाग लिएका थिए । नेपाल समूह 'सी'मा रहेको थियो । नेपालले राउन्ड रोबिनअनुसार चलेको छनोट खेलमा चार खेलमा दुई जित र एक हारको सामना गरी पाँच अंक बटुलेको थियो ।

नेपालको समूहमा हङकङले पनि समान पाँच अंक जोडेको थियो । तर, रनरेटमा नेपाल राम्रो रहँदा सुपर सिक्समा प्रवेश गर्‍यो । प्रत्येक समूहका शीर्ष टोलीले सुपर सिक्समा प्रतिस्पर्धा गरेका थिए । सुपर सिक्समा समूह 'ए' को विजेता थाइल्यान्ड, समूह 'बी' को विजेता युएई र समूह 'सी' को विजेता नेपालबिच सुपर सिक्स खेल भएको थियो । थाइल्यान्डले ६ खेलमा चार जित निकाली सर्वाधिक १० अंक र नेपालले तीन जित र दुई हार सामना गरी सात अंक जोडेको थियो । युएई शीर्षमा रहँदै ग्लोबल छनोटमा स्थान पक्का गर्‍यो । नेपाल उपविजेता रहँदै पहिलोपटक ग्लोबल छनोटमा पुगेको थियो । युएईले ६ अंक मात्र बनायो । सुपर सिक्समा नेपालले युएईमाथि पाँच विकेटको जित निकाली अन्तिम दुई स्थान सुरक्षित गरेको हो ।

# दसौँ राष्ट्रिय खेलकुदका सहभागी खेलाडी र खेल संख्या आइतबारभित्र टुंगो लाग्ने

खेलकुद मन्त्रालयले कर्णाली प्रदेशमा हुने दसौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश हुने खेल र खेलाडीको संख्या निर्धारण गर्न राखेपको कार्यकारी समितिलाई निर्देशन दिएको छ । खेलकुदमन्त्री बल्लु गुप्ताले समितिलाई आइतबारसम्म खेल संख्या र खेलाडीको संख्या निर्धारण गर्न समयसीमा दिएका छन् । आगामी १ देखि ७ फागुनसम्म कर्णालीमा दसौँ राष्ट्रिय खेलकुद हुँदै छ । मन्त्रालयले प्रतियोगिताको मिति घोषणा गरेको यो चौथोपटक हो ।

यसअघि दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिताको मिति तीनपटक परिवर्तन भइसकेको छ । गत २३ र २४ भदौको जेन-जी आन्दोलनपछि खेलकुदमन्त्री बनेका गुप्ताले राखेपको १२३औँ बोर्ड बैठकमा दसौँ राष्ट्रिय खेलकुदको नयाँ मिति घोषणा गरेका थिए । यसपटक जसरी पनि प्रतियोगिता आयोजना गर्न प्रतिबद्ध रहेको मन्त्री गुप्ताले बताए । 'हामी दसौँ राष्ट्रिय खेलकुद प्रतियोगिता जसरी पनि गर्छौं,' मन्त्रालयमा राखेपको १२४औँ बैठकमा उनले भने, 'प्रतियोगिताका लागि खेल संख्या र खेलाडीको मापदण्ड बनाउन निर्देशन दिइएको छ ।'

तीनपटकसम्म मिति घोषणा भएर पनि आयोजना हुन नसकेको प्रतियोगितामा ३६ खेल समावेश थियो । कर्णालीको भौगोलिक अवस्थाअनुसार खेल र खेलाडी संख्या निर्धारण गर्न लागेको मन्त्री गुप्ताले बताए । 'खेलको मापदण्ड बनाएर कति खेल राख्ने र खेलाडी खेलाउने भन्ने मापदण्ड निश्चित हुनुपर्छ । जसका लागि मन्त्रालयले राखेप कार्यकारी समितिलाई आइतबारसम्मको समय दिएको छ ।' पोखरामा ०७९ मा भएको नवौँ राष्ट्रिय खेलकुदपछि दसौँ राष्ट्रिय खेलकुद ०८१ मंसिरमा गर्ने तय भएको थियो । प्रतियोगिता आयोजना गर्न मन्त्रालयले एक वर्षभित्र चारपटक मिति घोषणा गरेको थियो ।

राखेपको १२४औँ बोर्ड बैठकले प्रतियोगिताको सञ्चालन निर्देशिका, २०८१ (तेस्रो संशोधन) पारित गरेको छ । मन्त्रालयले निर्देशिका पारित गरे पनि सार्वजनिक गरेको छैन । राखेपका प्रवक्ता खुसराज दाहालले केही त्रुटि रहेका कारण निर्देशिका तत्काल सार्वजनिक नगरिएको बताए । राखेपका अध्यक्ष तथा खेलकुदमन्त्री गुप्ताको अध्यक्षतामा बसेको बैठकले प्रतियोगिता सञ्चालन निर्देशिका पारित गरेसँगै दसौँ राष्ट्रिय खेलकुद आयोजनाका लागि बाटो खुल्नेछ ।

'बैठकले प्रतियोगिता सञ्चालन निर्देशिका पारित गरेको छ । त्यसमा केही प्राविधिक त्रुटि छन् । सबै मिलेपछि निर्देशिका सार्वजनिक गर्छौं,' दाहालले भने । निर्देशिका तयार भएपछि राखेपले सबै प्रदेशलाई तयारीका लागि पत्राचार गरिने र उपसमितिहरू बनाइने जनाएको छ । राखेपको कार्यकारी समितिको सिफारिसमा तयारी सम्बन्धमा प्रदेश खेलकुद र विभागीय टिमहरूलाई पत्राचार गर्ने निर्णय बैठकले गरेको छ । बैठकमा मन्त्री गुप्तासहित उपाध्यक्ष ध्रुव आचार्य, मन्त्रालयका सचिव हरिप्रसाद लम्साल, सदस्यसचिव रामचरित्र मेहता, राखेप बोर्ड सदस्यलगायतको उपस्थिति थियो ।

**कर्पोरेट**

## ● ग्लोबलले पुष्पखेतीका लागि कर्जा प्रवाह गर्ने

ग्लोबल आइएमई बैंक लिमिटेड र फ्लोरिकल्चर एसोसिएसन नेपालबिच सम्झौता भएको छ । पुष्पखेती तथा आलंकारिक सौन्दर्यीकरण बाली उत्पादनमा हरितगृह प्रविधिको प्रयोग र सोका लागि सहज कर्जा प्रणालीको विकास गर्नेसम्बन्धी सम्झौता भएको हो । सम्झौतापत्रमा बैंकका इन्फ्रास्ट्रक्चर तथा प्रोजेक्ट फाइनान्सिङ प्रमुख असीम कर्माचार्य र फ्लोरिकल्चर एसोसिएसन नेपालका अध्यक्ष राजेशभक्त श्रेष्ठले हस्ताक्षर गरे ।

यससँगै बैंकले पुष्प व्यवसायी वा कृषकलक्षित विशेष हरितगृह कर्जा प्रवाह गर्नेछ । साथै, फ्लोरिकल्चर एसोसिएसन नेपालले आफ्नो सदस्यलाई बैंकको कृषि कर्जा योजनाबारे जानकारी प्रदान गर्नेछ । यसबाट व्यवसायी तथा कृषकको पुष्प उत्पादन र उत्पादकत्व वृद्धि, हरितगृह प्रविधिहरूको प्रवर्द्धन, गुणस्तरीय पूर्वाधार विकास र सेवा अभिवृद्धिमा सहयोग पुग्ने बताइएको छ ।

यस सहकार्यले जलवायुअनुकूल अभ्यास, दिगो व्यवसाय र आधुनिक प्रविधिलाई आत्मसात् गर्न पुष्प व्यवसायी तथा कृषकलाई उत्प्रेरित गर्न सहयोग पुग्ने विश्वास लिइएको छ । बैंक र एसोसिएसनबिचको सहकार्यले हरितगृह प्रविधिमा लगानी गर्न पुष्प व्यवसायी तथा उद्यमीलाई प्रोत्साहित गर्ने छ । साथै वित्तीय पहुँच विस्तारका साथै फूल उत्पादन तथा अलंकारिक बोटबिरुवाको उत्पादन र उत्पादकत्व वृद्धि हुने विश्वास रहेको छ ।

## ● नबिललाई युरोमनी ट्रान्जेक्सन बैंकिङ अवार्ड

नबिल बैंकले युरोमनी ट्रान्जेक्सन बैंकिङ अवार्ड–२०२५ अन्तर्गत नेपालको 'बेस्ट ट्रान्जेक्सन बैंक अवार्ड' प्राप्त गरेको छ । ट्रान्जेक्सन बैंकिङ क्षेत्रमा अन्तर्राष्ट्रियस्तरको प्रविधिमैत्री र ग्राहककेन्द्रित सेवा प्रवाह दिएको भन्दै बैंकले उक्त अवार्ड प्राप्त गरेको हो । बैंकले व्यक्तिगत, संस्थागत, एसएमई ग्राहकका लागि उपलब्ध गराएको प्रभावकारी ट्रान्जेक्सन बैंकिङका डिजिटल भुक्तानी सेवा तथा सुविधाका लागि उक्त अवार्ड प्रदान गरिएको बताइएको छ ।

बैंकका प्रमुख कार्यकारी अधिकृत मनोजकुमार ज्ञवालीले यो अवार्डबाट नबिल बैंक सम्मानित हुनु गर्वको विषय भएको बताए । विश्वभर बैंकिङ तथा वित्तीय क्षेत्रको मूल्यांकन गर्ने युरोमनी अवार्डलाई विश्वसनीय र सम्मानित अवार्डका रूपमा लिइन्छ ।

यस अवार्डमार्फत सेवा उत्कृष्टता, नवप्रवर्तन, रणनीतिक स्पष्टता र ग्राहक अनुभवमा अग्रणी संस्थाहरूलाई सम्मान गरिन्छ । सन् १९९२ मा स्थापना गरिएको यो अवार्ड विश्व बैंकिङ क्षेत्रमा सुरु गरिएको पहिलो अवार्ड हो । जसले बैंकको गुणस्तरीय सेवा, सिर्जनात्मकता र ग्राहकप्रतिको विशेषज्ञतालाई सम्मानित गर्छ । यो अवार्ड विश्वका सयवटा देशमा सञ्चालन हुँदै आएको छ ।

## ● एनएमबि बैंकलाई 'डिजिटल सर्भिसेज आइसिटी अवार्ड'

एनएमबि बैंक लिमिटेडले 'डिजिटल सर्भिसेज आइसिटी अवार्ड–२०२५' (इन्टरप्राइज क्षेत्र) प्राप्त गरेको छ । बैंकले डिजिटल रूपान्तरणमार्फत उत्कृष्ट सेवा प्रवाह गरेबापत यो अवार्ड पाएको हो । डिजिटल प्रविधिको प्रयोग गरी सार्वजनिक सेवालाई थप सहज, प्रभावकारी र पहुँचयोग्य बनाउने संस्थाले उक्त अवार्ड पाउँछन् । बैंकले नयाँ डिजिटल माध्यममार्फत आफ्ना सेवालाई ग्राहकमैत्री बनाएका आधारमा यो सम्मान प्राप्त गरेको बताइएको छ । यस उपलब्धिले बैंकको डिजिटल प्रवर्द्धन र ग्राहककेन्द्रित सेवालाई प्रतिबिम्बित गर्छ ।

## ● कुमारी बैंक र विनरक इन्टरनेसनलबिच उद्यमशीलता सुदृढीकरण सम्झौता

कुमारी बैंक लिमिटेडले उद्यमशीलता विकास तथा वित्तीय पहुँच विस्तारका लागि विनरक इन्टरनेसनलसँग सम्झौता गरेको छ ।

यसअन्तर्गत लक्षित समुदायको उद्यमशीलता विकास, वित्तीय साक्षरता विकास, उद्यमीहरूको प्राविधिक तथा व्यवस्थापकीय क्षमता सुदृढीकरण र दिगो व्यावसायिक योजना निर्माण गरिने बैंकले जनाएको छ ।

बैंकले दिगो बैंकिङ, वित्तीय समावेशीकरण र स्थानीय उद्यम सुदृढीकरण तथा प्रवर्द्धन गर्दै आइरहेको छ । बैंकिङ विभागका प्रमुख अर्पण पौडेलले भने, 'यस सहकार्यमार्फत बैंकलक्षित समूहको वित्तीय समृद्धि अभिवृद्धि गर्नेतर्फ निरन्तर प्रयत्नशील रहनेछ ।'

## ● एनएमबिले ल्यायो कर्जा ट्र्याकिङ सुविधा

एनएमबि बैंकले आफ्ना ग्राहकका लागि थप डिजिटल सुविधाको सुरुवात गरेको छ । बैंकले ग्राहकलाई व्यक्तिगत र साना तथा मझौला कर्जा आवेदनको जानकारी वास्तविक समयमा ट्र्याक गर्न सक्ने सुविधा उपलब्ध गराएको छ । यस सुविधा सुरुवातसँगै कर्जाका लागि आवेदन दिएका ग्राहक आवेदनको अवस्था बुझ्न बैंकको शाखासम्म धाइरहनुनपर्ने बैंकले जनाएको छ ।

कर्जाका लागि आवश्यक कागजात पेस गरेपश्चात् ग्राहकले एउटा 'ट्र्याकिङ नम्बर' प्राप्त गर्नेछन् । सो नम्बर प्रयोग गरी बैंकको वेबसाइटमा रहेको डिजिटल बैंकिङ अप्सनमा गएर आफ्नो कर्जा प्रक्रिया कहाँ पुग्यो भनी जानकारी लिन सक्नेछन् । यो सुविधाले ग्राहकलाई थप सुविधा प्रदान हुने साथै कर्जा प्रक्रियामा पारदर्शिता पुग्ने कुरामा बैंकले विश्वास लिएको छ ।

## ● सिद्धार्थको लाइफटाइम फ्री क्रेडिट कार्ड अफर

सिद्धार्थ बैंकले २३औँ वार्षिकोत्सवको अवसरमा ग्राहकका लागि लाइफटाइम फ्री क्रेडिट कार्ड अफर सार्वजनिक गरेको छ । यो अफर बिहीबारदेखि २३ जनवरी २०२६ सम्म लागू हुनेछ । अफरमा स्ट्यान्डर्ड क्रेडिट कार्डमा लाग्ने आबद्ध शुल्क तथा पहिलो वर्षको वार्षिक शुल्क पूर्ण रूपमा छुट दिइने व्यवस्था गरिएको बैंकले जनाएको छ ।

त्यस्तै, दोस्रो वर्षदेखि वार्षिक शुल्क छुट पाउन ग्राहकले प्रत्येक अघिल्लो वर्षमा कम्तीमा तीनपटक क्रेडिट कार्डमार्फत कारोबार गरेको हुनुपर्नेछ । यो महिना जारी गरिएका क्रेडिट कार्डको हकमा भने एक महिनाभित्र कम्तीमा तीनवटा कारोबार गर्दा दोस्रो वर्ष लाग्ने शुल्क छुट हुने बताइएको छ ।

## ● दुई विधामा गरिमा विकास बैंक सम्मानित

गरिमा विकास बैंक डिजिटल बैंकिङ कारोबारसम्बन्धी दुई विधामा सम्मानित भएको छ । नेपाल क्लियरिङ हाउस लिमिटेडको १७औँ वार्षिकोत्सवको अवसरमा बैंक 'उत्कृष्ट डिजिटल ट्रान्जेक्सन' र 'उत्कृष्ट नेपालपे क्युआर ट्रान्जेक्सन' विधामा सम्मानित भएको हो । आर्थिक वर्ष ०८१/८२ मा विकास बैंकमध्ये सबैभन्दा बढी डिजिटल तथा क्युआर कारोबार गरेबापत बैंकलाई सो अवार्ड प्रदान गरिएको हो । बैंकका प्रमुख कार्यकारी अधिकृत माधवप्रसाद उपाध्यायले उक्त अवार्ड ग्रहण गरेका हुन् । नवीनतम डिजिटल बैंकिङ सेवालाई थप ग्राहकमैत्री बनाउन अग्रसर यस विकास बैंकलाई प्राप्त उक्त अवार्डहरूले डिजिटल कारोबार विस्तारमा थप ऊर्जा प्रदान गरेको बैंकले जनाएको छ । साथै, यसै वर्ष भदौमा इमर्जिङ एसिया बैंकिङ कन्क्लेभ एन्ड अवार्ड, भारतबाट बेस्ट बैंकसहित तीनवटा अवार्डबाट सम्मानित भएको थियो ।

## ● महालक्ष्मी विकास बैंकद्वारा संस्थागत सामाजिक उत्तरदायित्वका विभिन्न कार्यक्रम सम्पन्न

महालक्ष्मी विकास बैंकले वित्तीय साक्षरता, शिक्षा, स्वास्थ्य, दैवी प्रकोप व्यवस्थापन, वातावरण संरक्षण, सांस्कृतिक प्रवर्द्धन, पूर्वाधार निर्माण–सुधार, दिगो विकास लक्ष्य, मानव सेवा तथा परोपकारजस्ता विभिन्न क्षेत्रहरूमा संस्थागत सामाजिक उत्तरदायित्वअन्तर्गतका कार्यक्रम सञ्चालन गर्ने नीतिअनुरूप आर्थिक वर्ष ०८२/८३ को पहिलो त्रैमास तथा दोस्रो त्रैमासको कात्तिक र मंसिरमा विभिन्न कार्यक्र सम्पन्न गरेको छ ।

बैंकले ज्येष्ठ नागरिक चौतारी, ठेचो, ललितपुरलाई सुदूरपश्चिम प्रदेशको डुम्ला जिल्लाका ज्येष्ठ नागरिकहरूको पूर्ण स्वास्थ्य परीक्षणसहितको स्वास्थ्य शिविर सञ्चालन गर्न तथा नसर्ने रोगहरूको रोकथामसम्बन्धी कार्यशाला सम्पन्न गर्न आर्थिक सहयोग गरेको जनाएको छ ।

त्यसैगरी, भदौ महिनामा आन्दोलनको क्रममा क्षतिग्रस्त भएको प्रहरी वृत्त सातदोबाटोलाई दैनिक प्रशासनिक कार्य गर्नका लागि पाँच थान कम्प्युटर सेट तथा पाँच थान टेबल प्रदान गरेको छ । साथै, हुम्ला सदुरमुकाम सिमकोटदेखि ४४ कोष दक्षिण–पूर्वको अदानचुली गाउँपालिका– १ का ६५ घरधुरीका दलित समुदायमा रहेका हलिया, लगी र खलोको रूपमा जीविकोपार्जन गरिरहेको विपन्न वर्गका मानिसहरू, अनाथ बालबालिका, एकल महिला, एकल पुरुषहरूलाई खाद्यान्न पुऱ्याउने गरी एकीकृत सामुदायिक विकास तथा अनुसन्धान केन्द्र, सिमकोट हुम्लालाई आर्थिक सहयोग गरेको छ ।

बागलुङको जिल्लामा रहेका भुकुटी माध्यमिक विद्यालय र सल्यान सुखौरा माध्यमिक विद्यालय, झापा जिल्लामा रहेको पृथ्वी माध्यमिक विद्यालय र अरनिको माध्यमिक विद्यालय, गणेशसूर्य आधारभूत विद्यालयमा आधुनिक शौचालय निर्माण गर्ने गरी विभिन्न रोटरी क्लबहरूमार्फत आर्थिक सहयोग गरेको छ ।

साथै, बालकुमारी आधारभूत विद्यालय, सैंबु, ललितपुरमा अध्ययनतरत १८० जना विद्यार्थीलाई जाडोबाट बच्नका लागि १८० थान न्यानो कपडा वितरण गरेको बैंकले जनाएको छ । त्यसैगरी, गोरखा जिल्लाका विभिन्न विद्यालयमा अध्ययनरत विद्यार्थीलाई मुनलाइट सोसाइटी नेपाल, गोरखाको सहकार्यमा विभिन्न शैक्षिक सामग्रीहरू वितरण गरिएको छ ।

## ● सांग्रिलाको १०.३५% लाभांश पारित

सांग्रिला डेभलपमेन्ट बैंक लिमिटेडले आफ्नो २१औँ वार्षिक साधारणसभा सम्पन्न गरेको छ । सोमबार सम्पन्न सभाले गत आवको नाफाबाट सेयरधनीलाई कुल १०.३५८३ प्रतिशत लाभांश वितरण गर्ने सञ्चालक समितिको प्रस्ताव पारित गरेको छ ।

बैंकले चुक्ता पुँजीको ५.३५ प्रतिशत नगद (करसहित) लाभांश तथा पाँच प्रतिशत बोनस सेयर वितरणको घोषणा गरेको थियो ।

## ● सिन्धु विकास बैंकको वित्तीय अवस्थामा सुधार

सिन्धु विकास बैंकले आफ्नो वित्तीय अवस्थामा उल्लेखनीय सुधार भएको जनाएको छ । विगतमा पुँजीकोष अनुपात ६ प्रतिशतहाराहारीमा रहेका कारण नेपाल राष्ट्र बैंकले 'शीघ्र सुधारात्मक कारबाही' गरेको थियो । हाल पुँजीकोष अनुपात १३.०७ रहेको बैंकले जनाएको छ ।यो सुधार गत वर्ष बैंकको कार्यकारी प्रमुखमा अनुभवी बैंकर सुरेश देवकोटा नियुक्त भएपश्चात् भएको बैंकको दाबी छ । बैंकका अनुसार अघिल्लो आर्थिक वर्ष ०८०/८१ को तुलनामा आव ०८१/८२ को वित्तीय सूचकमा प्रगति भएको देखिएको छ ।

## ● मुक्तिनाथ कृषि कम्पनीको हकप्रद बिक्री प्रबन्धकमा नेपाल लाइफ क्यापिटल

मुक्तिनाथ कृषि कम्पनी लिमिटेडले हकप्रद सेयर निष्कासन गर्दै छ । कम्पनीले हाल कायम चुक्ता पुँजीको १:०.६ अनुपातमा प्रतिसेयर १०० रुपैयाँ अंकित दरमा १:०.६ अनुपातमा ४५ लाख ३६ हजार कित्ता हकप्रद सेयर निष्कासन गर्नेछ ।

यो सेयरको निष्कासक तथा बिक्री प्रबन्धकमा नेपाल लाइफ क्यापिटल लिमिटेडलाई नियुक्त भएको छ । यससम्बन्धी सम्झौतामा मुक्तिनाथका नायब प्रमुख कार्यकारी अधिकृत रामशरण तिमल्सिना र नेपाल लाइफका प्रमुख कार्यकारी अधिकृत मनीष घिमिरेले हस्ताक्षर गरेका हुन् ।

## ● सिद्धार्थको लाइफटाइम फ्री क्रेडिट कार्ड अफर

सिद्धार्थ बैंकले २३औँ वार्षिकोत्सवको अवसरमा ग्राहकका लागि लाइफटाइम फ्री क्रेडिट कार्ड अफर सार्वजनिक गरेको छ । यो अफर बिहीबारदेखि २३ जनवरी २०२६ सम्म लागू हुनेछ । अफरमा स्ट्यान्डर्ड क्रेडिट कार्डमा लाग्ने आबद्ध शुल्क तथा पहिलो वर्षको वार्षिक शुल्क पूर्ण रूपमा छुट दिइने व्यवस्था गरिएको बैंकले जनाएको छ ।

त्यस्तै, दोस्रो वर्षदेखि वार्षिक शुल्क छुट पाउन ग्राहकले प्रत्येक अघिल्लो वर्षमा कम्तीमा तीनपटक क्रेडिट कार्डमार्फत कारोबार गरेको हुनुपर्नेछ । यो महिना जारी गरिएका क्रेडिट कार्डको हकमा भने एक महिनाभित्र कम्तीमा तीनवटा कारोबार गर्दा दोस्रो वर्ष लाग्ने शुल्क छुट हुने बताइएको छ ।

## ● स्थानीय तहबाटै करदाता सेवा सुरु

स्थानीय तहबाटै करदाता सेवा सुरु भएको छ । मोरङको केराबारी गाउँपालिकाले स्थायी लेखा नम्बर (प्यान) वितरण गरेर करदाता सेवा सुरु गरेको हो ।

अर्थ मन्त्रालयले करदाता सेवा कार्यालयको काम स्थानीय तहलाई हस्तान्तरण गर्ने नीति लिएको छोटो समयमै कार्यान्वयन थालिएको हो । बुधबार केराबारी गाउँपालिकाबाट पहिलो व्यावसायिक प्यान नम्बर दी भ्वाइस क्याफे एन्ड रेस्ट्रो र व्यक्तिगत प्यान चित्रकुमार तामाङलाई प्रदान गरिएको थियो ।

अर्थमन्त्री रामेश्वरप्रसाद खनालको उपस्थितिमा गाउँपालिका र आन्तरिक राजस्व कार्यालय, विराटनगरबिच समझदारीपत्रमा हस्ताक्षर भई सेवा कार्यालयको काम हस्तान्तरण गरिएको थियो । सो अवसरमा गाउँपालिकाका अध्यक्ष सुमन मिरिङ्छिङ मगरले राजस्व प्रणालीमा स्थानीय तहको प्रभावकारी भूमिका स्थापना हुने बताए ।

अर्थमन्त्री खनालले प्रशासनिक संघीयतामा ऐतिहासिक कदम भएको टिप्पणी गरे । उनले कर प्रशासनको कामलाई विकेन्द्रित गर्दै प्रशासनिक संघीयतालाई थप मजबुत बनाउन सहयोग पुग्ने बताए । उनले करदातालाई सहजता तथा कर भुक्तानीको लागत र समय घट्ने बताए ।

## ● पूर्वाधार विकासमा लगानी भित्र्याउन सहजीकरण गरिने

गभर्नर प्रा.डा. विश्वनाथ पौडेलले मुलुकमा पूर्वाधार विकासको स्थिति कमजोर रहेको उल्लेख गरेका छन् । पूर्वाधार संरचना विस्तारका निम्ति संस्थागत क्षमता अभिवृद्धि गर्नुपर्ने आवश्यकता औँल्याए । पूर्वाधार विकासमा वैदेशिक लगानी परिचालनका निम्ति नीतिगत र संरचनागत वातावरण सहज हुनुपर्ने विचार उनले व्यक्त गरे । 'आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशा' विषयक अन्तरक्रिया कार्यक्रममा उनले यस्तो बताएका हुन् ।

अर्थशास्त्री, आर्थिक तथा वित्तीय क्षेत्रका सरोकारवाला संघसंस्थाका प्रतिनिधिको उपस्थितिमा उक्त कार्यक्रम आयोजना गरिएको हो । कार्यक्रममा आर्थिक अनुसन्धान विभागका कार्यकारी निर्देशक डा. रामशरण खरेलले आर्थिक तथा वित्तीय स्थिति र मौद्रिक नीतिको कार्यदिशालाई समेटेर कार्यपत्र प्रस्तुत गरेका थिए ।

## ● अनौपचारिक क्षेत्रका कामदारलाई कोषमा जोडिने

सरकारले अनौपचारिक क्षेत्रका कामदारलाई सामाजिक सुरक्षामा आबद्ध गराउने राष्ट्रिय अभियान सुरु गरेको छ । अन्तर्राष्ट्रिय श्रम संगठन नेपालसँगको सहकार्यमा यो अभियान सुरु भएको हो । सामाजिक सुरक्षा कोषमा हालसम्म करिब २७ लाख कामदार आबद्ध छन् । एक हजार पाँच सयजना अनौपचारिक र स्वरोजगार क्षेत्रका कामदार आबद्ध छन् । यसमा सरकारी निकाय, श्रमिक तथा कामदार संगठन, स्थानीय सरकार, नागरिक समाज र सञ्चारमाध्यमलाई संयुक्त रूपमा सहभागी गराउने भनिएको छ । अभियान सुरु गर्दै नेपालका लागि अन्तर्राष्ट्रिय श्रम संगठनका निर्देशक नुमान ओज्कानले भने, 'कोही पनि कामदार नछुटाउने उद्देश्यले यो अभियान सुरु गरिएको हो । सामाजिक सुरक्षा समानता, आर्थिक र समावेशी विकासका लागि आधारभूत विषय हो ।'

## ● कृषि उत्पादनको बजारीकरण गर्न महासंघको पहल

कृषि उत्पादनको बजारीकरण र सहकारीमार्फत लगानी प्रवर्द्धनमा सघाउ पुऱ्याउन उद्योग वाणिज्य महासंघअन्तर्गतको कृषि उद्यम केन्द्र र राष्ट्रिय सहकारी विकास बैंकले संयुक्त कार्यक्रम गरेका छन् । कार्यक्रममा सहकारी विकास बैंकका निवर्तमान अध्यक्ष रमेशप्रसाद पोखरेलले उत्पादन भएका वस्तु बजारसम्म पुऱ्याउँदा ढुवानी, मूल्य निर्धारण र बिक्री मूल्यबिच सन्तुलन नहुनु मुख्य समस्या रहेको बताए ।

किसानले उचित मूल्य नपाउँदा कृषि पेसाप्रति आकर्षण घट्दै गएको र बिचौलियाको प्रभाव बढिरहेको उल्लेख गर्दै उनले किसानले तोकिएको मूल्य पाउने स्पष्ट र प्रभावकारी संयन्त्र विकास गर्नुपर्नेमा जोड दिए । कृषि विभागका महानिर्देशक प्रकाशकुमार सञ्जेलले किसानले अझै सहज रूपमा कर्जा पाउन कठिनाइ भोगिरहेको बताएका थिए ।

## विष वृक्ष...

जेनजीहरूले नै उनको राजिनामा मागिरहेका छन् । त्यही कारणले गर्दा कार्की सरकार संकटमा पर्दै आएको छ । कार्की सरकारले गरेका कतिपय निर्णयहरू सर्बोच्च अदालतले बदर गरिदिएको छ । कार्की सरकारलाई सर्बोच्च अदालतले मुलुकलाई दुरगामी असर पर्ने निर्णय नगर्न आदेश दिएको भएपनि त्यसलाई समेत सरकारले उल्लंघन गरको छ ।

असम्वैधानिक तवरबाट प्रधानमन्त्रीमा कार्कीलाई नियुक्त गरिएको र संसद विघटन गरिएको भन्दै नेपाली कांग्रेस, नेकपा एमाले सहितका राजनीतिक दलहरूले सर्बोच्चमा मुद्दा दायर गरिसकेका छन् भने यस विषयमा सर्बोच्च अदालतमा १९ वटा रिट निवेदन दर्ता भैसकेका छन् ।

कांग्रेस, एमाले जसपा, जनमत र एक स्वतन्त्र सांसद गरी १४६ जनाले प्रतिनिधिसभा पुर्नस्थापनाको माग गर्दै हस्ताक्षर समेत सर्बोच्चमा बुझाई सकेका हुनाले अब सर्बोच्च अदालतको सम्वैधानिक व्यवस्था अनुसार प्रतिनिधिसभा पुर्नस्थापना गर्नु बाहेक अर्को विकल्प देखिँदैन । यसअधिका सर्बोच्च अदालतको सम्वैधानिक इजलासले जारी गरेका नजिरहरू समेत अध्ययन गर्दै प्रतिनिधिसभा पुर्नस्थापना बाहेक अर्को विकल्प देखिँदैन ।

प्रतिनिधिसभा पहिला पुर्नस्थापना गरी त्यसपछि जेनजीहरूलाई समेत सरकारमा ल्याउन संविधान संशोधन गरिनुपर्दछ । संविधानमा प्रधानमन्त्री नियुक्तिको धारा ७६ सशोधन गरी संसद बाहिरको व्यक्ति पनि प्रधानमन्त्रीमा नियुक्त हुन सक्ने व्यवस्था राखी त्यसलाई संसदले अनुमोदन गर्नुपर्ने व्यवस्था संविधानमै गरिनुपर्दछ । त्यसरी संविधान संशोधन भएपछि विवादरहित व्यक्तिलाई प्रधानमन्त्रीमा नियुक्त गरेर जेनजी सहितको सर्वपक्षीय सरकार गठन गर्नु आवश्यक रहेको छ ।

सर्वपक्षीय सरकार गठन पश्चात् मात्र निर्वाचनको घोषणा गरिनु उपर्युक्त हुनसक्छ । अहिलेको कार्की सरकार राजनीतिक दलहरूप्रति पूर्वाग्राही रहेको र प्रतिशोध साँधी रहेको मात्र छैन, मुख्य दलका नेताहरूको अनुहार समेत आफूलाई हेर्न मन नलागिरहेको प्रधानमन्त्री कार्कीको उद्घोषले कार्की सरकार प्रतिशोध साध्नका लागि लागी परेको प्रष्ट हुँदै गएको छ ।

असम्वैधानिक तवरबाट सरकार गठन गरियो, संविधानको ध्वज्जी उडाइयो, संसद विघटन गरियो त्यसैले यो सरकारले गरेका काम कारबाहीहरू असम्वैधानिक रहेका छन् । यो सरकार बृष बृक्षको सिद्धान्तमा बनेको छ । कानुनी रूपमा यसलाई बृष बृक्ष भनिन्छ विषय रोपेर त्यसले दिएको उत्पादन हुने फल पनि विषाक्त नै हुन्छ । त्यसैले कार्की सरकार मुलुकको लागि विषाक्त सरकार हो ।

यी सबै कारणहरूले गर्दा अब राजनीतिक दलहरूले पहिला राष्ट्रपतिलाई संसद पुर्नस्थापना गर्न आग्रह गर्ने यदि उनले अस्वीकार गरेको खण्डमा सर्बोच्च अदालतबाटै संसद पुर्नस्थापना गरी संविधान संशोधन गरी जेनजी सहितको सरकार निर्माण पश्चात् संसदले नै निर्वाचनको नयाँ मिति तोकेर संसद नै विघटन गरिनु संविधान सम्वत् हुनेछ । त्यसले मात्र मुलुकको समस्या समाधान गर्न सक्छ । यदि त्यसो नहुने हो भने मुलुक अर्को संकटमा फस्ने निश्चित छ ।

## प्रधानमन्त्री..

नै मिलाउन कार्की सरकार असफल भएको बताइरहेका छन् । भाद्र २३ गते जेनजीहरूले गरेको विरोध प्रदर्शनमा घुसपैठ गरेर केही व्यक्तिहरूले आफ्नो स्वार्थ पूरा गर्नेका लागि भाद्र २४ गते मुलुकभरमै आतंकमात्र मच्चाएनन् । सरकारकी संरचनाहरू समेत ध्वस्त पारे । नेपाली जनताको शान र मुलुकको केन्द्रीय राजनीतिको मुटु भनिएको सिंहदरबार, संसद भवन, सर्बोच्च अदालत, शिर्ष नेताहरूका निजी निवासमा आगजनी गर्नेहरूलाई सरकारले कारबाही नगर्ने सहमति जेनजीहरूको एक गुटसँग गरेर नेपाली जनताको शान समाप्त पार्ने काम गरेको छ ।

सरकारले सुशासनलाई ध्वज्जी उडाउँदै भ्रष्टाचार काण्डमा मुछिएकी कार्की सरकारबाटै नियुक्त गरिएकी महान्यायाधिवक्ता सविता भण्डारीलाई पदमुक्त गरिएन । सो विषयमा प्रहरीले डिम्ब काण्डमा अनुसन्धान गरी भण्डारीमाथि मुद्दा चलाउनुपर्ने राय दिएकोमा महान्यायाधिवक्ता भण्डारीले आफैँ मुद्दा नचलाउने निर्णय गरेर दुनियाँलाई हसाएकी छन् । सो प्रकरणमा महान्यायाधिवक्ता भण्डारीलाई पदमुक्त गर्ने माग विभिन्न क्षेत्रबाट उठेपनि प्रधानमन्त्री कार्की मौन बसेकी हुनाले प्रधानमन्त्रीको सुशासन पनि भण्डारीसँगै सती गएको चर्चा समेत चल्न थालेको छ ।

## यो सरकार...

सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्नु र अर्को भनेको दैनिक कार्य सञ्चालन मात्र हो ।

तर कार्की सरकारले सर्बोच्च अदालतको आदेशलाई समेत उल्लंघन गर्दै काम कारबाही अघि बढाएको छ । सर्बोच्चले छोटो समयका लागि यो सरकार भएकाले दुरगामी असर पर्ने निर्णय नगर्नु भनेकोमा संविधान संशोधन गर्ने कार्यमा किन सहमति गऱ्यो यस्तो कार्यलाई कानुनी भाषामा विष बृक्ष भनिन्छ ।

विष रोपेर त्यसबाट उत्पदन भएको फल विषाक्त हुन्छ । त्यसैले यो सरकार विषाक्त सरकार हो । केपी ओली नेतृत्वको झण्डै दुई तिहाई नजिकको सरकारलाई अरू कुनै उपायबाट हटाउन नसकेपछि वा सम्वैधानिक तवरबाट हटाउन नसकेपछि असम्वैधानिक तवरको बाटो अपनाइएको ठहर वडालले गरेका छन् ।

कार्की सरकारले सुशासन र भ्रष्टाचारको विरूद्धमा कुरा गरेपनि न त सुशासन कायम हुन सक्यो नत भ्रष्टाचार नियन्त्रण नै । जेनजीसँग भएको १० बुँदे सहमतिलाई १/२ समूहका जेनजीहरू बाहेक अरूले स्वीकार नगरेको र उनीहरूले प्रधानमन्त्री कार्कीको राजिनामा समेत मागिरहेका हुनाले पनि तत्काल संसद पुर्नस्थापना गरि संसदबाटै बैधानिक तवरले समस्याको समाधान खोजिनुपर्ने भएकाले तत्काल सर्बोच्च अदालतले संसद विघटनको मुद्दालाई प्राथमिकतामा राखेर संसद पुर्नस्थापना गर्नुपर्ने बताएका छन् । यदि त्यसो नहुने हो भने मुलुक अझ ठुलो समस्यामा फस्न सक्ने अबस्था समेत देखिएको भन्दै संसद पुर्नस्थापना हुनुपर्ने र विष बृक्ष सिद्धान्तलाई सँधैका लागि बन्द गरिनुपर्ने बताएका छन् ।

## पहिले...

गर्नुपर्ने आवश्यकता देखिएको छ । संसद पुर्नस्थापना पछि मात्र निर्वाचन हुनु आवश्यक छ । संसद पुर्नस्थापना भएपछि संविधानमा रहेको प्रधानमन्त्रीको नियुक्तिको व्यवस्थालाई संकटको बेला संसद बाहिरबाट पनि संसदको अनुमतिमा प्रधानमन्त्री नियुक्त हुन सक्ने व्यवस्था उल्लेख गरेर संसदले दुई तिहाईको मतमा संविधान संशोधन गर्नुपर्दछ । संसदका दुवै सदनले त्यसलाई अनुमोदन गरेर राष्ट्रपतिकहाँ प्रमाणिकरणका लागि पठाउने र राष्ट्रपतिले प्रमाणिकरण गरेर संकटको बाटो फुकाउनुपर्दछ । राष्ट्रपतिले सिधै संसद विघटनलाई तत्कालिन संसदको बहुमत सांसदहरूको हस्ताक्षरका आधारमा संसद पुर्नस्थापना गर्न सक्ने बाटो समेत खुल्ला रहेको छ । यदि त्यस्तो गरियो भने मात्र संविधान लिकमा आउँछ ।

संसदबाट संविधान संशोधनपश्चात् संसद बाहिरको व्यक्ति पनि प्रधानमन्त्री बन्न सक्ने र जेनजीहरूसमेत मन्त्री बन्न सक्ने बाटो खुल्ने भएकाले गर्दा त्यसपछि सर्वपक्षीय सरकार गठन गरेर त्यही सरकारले छिटो भन्दो छिटो प्रतिनिधिसभाको सदस्यका लागि निर्वाचन गराउनु उचित विकल्प हुन सक्छ ।

अहिलेको सुशिला कार्की नेतृत्वको सरकार असम्वैधानिक रहेको र कार्की सरकार राजनीतिक दलहरू प्रति पूर्वाग्राही र प्रतिशोधपूर्ण रहेकाले कार्की सरकारले निर्वाचनको जति डम्फु बजाएपनि फागुन २१ गते निर्वाचन हुन सक्दैन । राजनीतिक दलहरूलाई बाहिर राखेर जेनजीहरूका माग समेत सम्बोधन गर्न सक्ने हैसियत राख्दैन ।

निर्वाचित सरकारबाहेक अरूले जेनजीहरूका माग सम्बोधन गर्न नसक्ने भएकाले तत्काल संसद पुर्नस्थापना गरिनु आवश्यक छ । जेनजीहरूका धेरै समूह रहेका हुनाले उनीहरूलाई विश्वासमा लिन कार्की सरकार असफल सावित भईसकेकाले उनीहरूले नै प्रधानमन्त्री कार्कीको राजिनामा माग गरि दिनहुँ जसो विरोध प्रदर्शन गरिरहेकाले अब सर्बोच्च अदालतले कुनै ढिलाई नगरी संसद पुर्नस्थापना गरी मुलुकलाई संकटबाट मुक्त गराउनु आवश्यक रहेको छ । त्यसैले राजनीतिक दलहरूको मागलाई ध्यानमा राख्दै तत्काल संसद पुर्नस्थापना गर्न आवश्यक रहेको छ । संसद पुर्नस्थापना पछि मात्र निर्वाचन गरिनु उपर्युक्त हुनेछ ।

## जेनजी...

अभिलेख तथा तहसिल शाखाका गरी करिब ९ लाख ३३ हजार ८२३ थान मिसिल पूर्ण रूपमा नष्ट भएका थिए । सर्वोच्च अदालतमा मात्र चालु मिसिलमध्ये करिब ८३ प्रतिशत जलेका छन् ।अदालतले मुद्दाका पक्ष, सरकारी वकिल तथा सरोकारवालासँग मिसिल कागजात माग गरेको थियो । जेनेरल स्ट्राइक आन्दोलनका क्रममा देशभरका २३ अदालतमा भौतिक पूर्वाधार र मिसिलमा ठुलो क्षति पुगेको थियो । आन्दोलनका क्रममा २३ अदालतमा तोडफोड र आगजनी हुँदा चालु, अभिलेख तथा तहसिल शाखाका गरी करिब ९ लाख ३३ हजार ८२३ थान मिसिल पूर्ण रूपमा नष्ट भएका थिए । सर्वोच्च अदालतमा मात्र चालु मिसिलमध्ये करिब ८३ प्रतिशत जलेका छन् ।

अन्य अदालतहरूमा पनि मिसिल रिकभर गर्ने काम भइरहेको छ ।भदौ २४ गते सर्वोच्च अदालतसहित देशका विभिन्न अदालतमा आगजनी गरेपछि नष्ट भएका मिसिल प्राप्तिका लागि सर्वोच्चले निर्देशिका तयार गरेको थियो । असोज ५ गते बसेको सर्वोच्चको पूर्ण बैठकले मिसिल प्राप्तिका लागि उक्त निर्देशिका तयार गर्ने निर्णय गरेको हो ।

सोही निर्णयअनुसार सर्वोच्चले 'विशेष परिस्थितिका कारण नष्ट भएका मिसिल कागजातको प्राप्ति र प्रमाणीकरण सम्बन्धी निर्देशिका, २०८२' सार्वजनिक गरेको थियो । निर्देशिका तयार गर्दा सर्वोच्चले पाँचवटा उपाय अवलम्बन गरेको थियो । पहिलो, कुनै अदालत वा निकायसमक्ष रहेको मुद्दा सम्बन्धी कागज/अभिलेखको प्रतिलिपि सङ्कलन गर्ने । दोस्रो, सर्वोच्च अदालत तथा अन्य सरकारी निकायका वेबसाइटमा अपलोड गरिएका फैसला तथा कागजातहरू सङ्कलन गर्ने । तेस्रो, अदालतको कार्यसम्पादनको क्रममा न्यायाधीश तथा कर्मचारीसँग रहेका कागजातहरू संकलन गर्ने । चौथो, विभिन्न अदालत, अन्य सरकारी निकायहरू र न्यायाधीश तथा इजलास अधिकृतहरूबिच विद्युतीय माध्यमबाट आदानप्रदान भएका कागजातहरू सङ्कलन गर्ने । पाँचौं, 'उपयुक्त माध्यम' बाट संकलन गर्ने विधि अपनाएको थियो ।

संकलन गरिएका फाइल तथा अन्य मुद्दाका विवरणहरू कसरी तयार पार्ने भनेर सर्वोच्चले पाँचवटा आधार बनाएको थियो । यिनै आधारमा मुद्दाका फाइल वर्गीकरण गर्नुपर्ने भनिएको छ ।प्राप्त भएका मिसिल सर्वोच्च अदालतको वेबसाइटमा अपलोड गर्ने र एउटा प्रति महान्यायाधिवक्ता कार्यालय, सरकारी वकिलको कार्यालय, नेपाल बार एसोसिएसनलगायत निकायमा पनि उपलब्ध गराउने भनिएको छ ।

सर्वोच्चले मुद्दाको वर्गीकरण गर्दा पनि पाँच वटा आधार बनाएको थियो । पहिलो आधारमा मुद्दाका पक्षहरूको नाम, थर, वतन, सम्पर्क नम्बर, मुद्दाको प्रकृति र मुद्दा नम्बरसमेतका आधारमा वर्गीकरण गरिरहेको छ । दोस्रो, देवानी, फौजदारी, रिट, अदालतको अवहेलना, निवेदन, प्रतिवेदन वा अन्य कुन प्रकृतिका मिसिल हुन् भन्ने आधारमा गर्ने भनिएको छ ।

तेस्रो, कारबाहीको चरणमा रहेका, फैसला भई फैसलाको पूर्ण पाठ तयार हुन बाँकी रहेका, फैसला कार्यान्वयनको चरणमा रहेका वा फैसला कार्यान्वयनको कामसमेत सम्पन्न भई अभिलेखको रूपमा रहेका गरी कुन चरणका हुन् सोको आधारमा वर्गीकरण गर्ने भनिएको छ ।

चौथो, पुनरावेदन तहको अदालत वा निकाय भए सुरू क्षेत्राधिकार वा पुनरावेदकीय क्षेत्राधिकारमध्ये कुन क्षेत्राधिकारअन्तर्गतका मिसिलहरू हुन्, त्यसका आधारमा वर्गीकरण गर्ने भनिएको छ । पाँचौं, सर्वोच्च अदालतको हकमा पुनरावेदन, रिट, साधक, झिकाई हेरिएको मुद्दा, दोहोर्याई हेर्ने, निवेदन, प्रतिवेदन, पुनरवलोकन वा संवैधानिक इजलासलगायत कुन क्षेत्राधिकारअन्तर्गत मिसिलहरू हुन्, त्यसका आधारमा एकल, संयुक्त, पूर्ण वा बृहत् पूर्णमध्ये कुन इजलासमा पेस हुने मुद्दाका मिसिलहरू सङ्कलन गर्ने भनिएको छ । यसरी प्राप्त भएका मिसिल सर्वोच्च अदालतको वेबसाइटमा अपलोड गर्ने र एउटा प्रति महान्यायाधिवक्ता कार्यालय, सरकारी वकिलको कार्यालय, नेपाल बार एसोसिएसनलगायत निकायमा पनि उपलब्ध गराउने भनिएको छ ।

## लिपुलेक...

गर्दा २ वटा मुख्य म्याण्डेट राष्ट्रपतिले दिएका छन् । पहिलो हो फागुन २१ गते प्रतिनिधिसभाको निर्वाचन सम्पन्न गरी निर्वाचित सरकारलाई सत्ता हस्तान्तरण गर्ने र अर्को भनेको दैनिक कार्य सञ्चालन । अहिलेको कार्की सरकारले निर्वाचनको डंक पिटिरहेका भएपनि आजसम्मको अवस्था हेर्दा निर्वाचन हुन सक्ने अवस्था देखिएको छैन ।

नेपालको चुच्चे नक्सामा भएको नेपालको भूमि लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्रमा बसोबास गरेका नेपाली जनताले निर्वाचनमा मत हाल्न पाउने व्यवस्था समेत कार्की सरकारले गर्न नसकेको हुनाले चुच्चे नक्साकै उपहास गरी नेपाली जनतालाई मतदान गर्नबाट बञ्चित गराउने कार्यमा सरकार लागि परेको जस्तो देखिएको छ ।

चुच्चे नक्साभित्र रहेका भूभाग नेपालको रहेको र त्यहाँ बसोबास गर्ने नेपाली जनता भएकाले उनीहरूलाई मतदान गर्नबाट बञ्चित गराउनु नेपाली नागरिकको अधकिार खोसिनु हो । त्यसैले गर्दा लिपलेक कालापानी र लिम्पियाधुरामा बसोबास गरेका नेपाली जनतालाई मतदान गर्नबाट बञ्चित गरिन्छ भने कार्की सरकार नेपाली जनताको हितमा होइन राष्ट्रको पक्षमा होइन विदेशीको इसारामा राज्य सञ्चालन गर्नका लागि मात्र प्रधानमन्त्री बनाइएको प्रमाणित हुँदैन र ? यदि कार्की सरकारले त्यहाँका जनतालाई मतदान गर्नबाट बञ्चित गरेको खण्डमा त्यसको शसक्त विरोध गर्नु नेपाली जनताको अधिकार हो । ओली सरकारले चुच्चे नक्सा प्रकाशित गरेकै कारण ओली नेतृत्वको सरकार ढलेको हो ।

## यी हुन्...

समेत गरेको छ । त्यसैगरी अघिल्लो सरकारले गठन गरेका भूमिसम्बन्धी आयोग खारेज गर्ने कार्की सरकारको निर्णयसमेत सर्बोच्च बाट बदर भएको छ । राजदूतहरूलाई छानी छानी फिर्ता बोलाउने निर्णय सर्बोच्चले अन्तरिम आदेशबाट रोकेपनि कार्की सरकारबाट अवज्ञा भएको छ ।

कार्की सरकारले मन्त्रीको सूचीमा विवादित पात्रको सिफारिस गर्नु तर विवादित भएपछि नाम फिर्ता लिनु । डोल्मा इम्प्याक्ट फण्डलाई पुँजीगत लाभकर छुट दिने निर्णय गर्नु अर्को आर्थिक अपराध थियो । भाद्र २४ गतेको आगजनी र लुटपाटमा संलग्न भएका भनि प्रहरीले अनुसन्धान गरी पत्राउ गरेका व्यक्तिहरूलाई फौजदारी कारबाही नगर्ने जेनजी समूहसँग सम्झौता गर्नु र फौजदारी कारबाही नगर्न सम्बन्धित निकायमा परिपत्र गर्नु, सय दिन वितिसक्दा पनि प्रधानमन्त्री र मन्त्रीहरूको सम्पत्ति विवरण सार्वजनिक नगर्नुले प्रधानमन्त्रीको सुशासन केबल नारामा मात्र सिमित भएको छ । सर्बोच्च अदालतले दिएको अन्तरिम आदेशको वेवास्ता गर्दै हेटौडाको सडक छेउछाउको वस्तीमा डोजर चलाएर डोजर आतंक मच्चाउनु यी बाहेक आफ्नै निजी सचिवालयमा सचिवालयकै कर्मचारीका नातेदारलाई नियुक्त गर्नु तर त्यस विषयमा विरोध भएपछि उनीहरूलाई हटाउनु । यी सबै कारणहरूले गर्दा र सर्बोच्च अदालतको प्रधानन्यायाधिश भैसकेकी व्यक्तिले त्यही सर्बोच्च अदालतले दिएको आदेशहरू उल्लंघन गर्नुले प्रष्ट हुन्छ उनी कानुनी होइन प्रतिशोध र पूर्वाग्रहले ग्रसित भएर सरकारमा बसिरहेकी छन् भनेर ।

## जेनजीहरु...

पटक बाहेक वार्ता गर्न सकेकी छैनन् । उल्टो उनले ठुला राजनीतिक दलका शिर्ष नेताहरूको अनुहारसम्म हेर्न आफूलाई मन नपरेको उद्घोष गरिसकेकी छन् । उनी राजनीतिक दलहरूप्रति आक्रामक रहेकी हुनाले ठुला राजनीतिक दलहरूसमेतले विघटित संसद पुर्नस्थापनाको माग गरि सर्बोच्च अदालतमा मुद्दा दर्ता गरिसकेका छन् ।

दुई ठुला राजनीतिक दलहरूले निर्वाचनमा भाग नलिएको अवस्थामा निर्वाचनको कुनै महत्व हुन सक्दैन । पुष्पकमल दाहाल नेतृत्वको नेपाली कम्युनिष्ट पार्टीले समेत निर्वाचन हुनेमा आशंका गरेको बताउँदै आएको हुनाले निर्वाचनको माहोल बन्न सकेको छैन । सरकारकै मन्त्रीहरूले समेत राजनीतिक दलहरूप्रति नकारात्मक अभिव्यक्ति दिईरहेका छन् भने जसको जगमा टेकेर कार्की प्रधानमन्त्री बनिन् उनीहरू नै अहिले प्रधानमन्त्री कार्कीको राजिनामा माग गरिरहेका छन् । जेनजीहरू मध्येको सुदन गुरूङलाई मात्र कार्की सरकारले महत्व दिएको हुनाले अन्य जेनजी समूहहरू सरकारकै विरोधमा रहेकाले निर्वाचन हुनेमा आशंका रहेको छ ।

जेनजीहरू विभिन्न समूहमा रहेका र एक समूहलाई साथमा राखेर अरूलाई वेवास्ता गर्नु प्रधानमन्त्री कार्कीका लागि घातक सावित हुन सक्छ ।


**चिसो मौसममा हुने स्वास्थ्य समस्याबाट बचौं ।**

**जाडो तथा चिसोको समयमा:**

- मौसमी रुघाखोकी, भाईरल ज्वरो, छातीको समस्या, दम, निमोनिया, झाडापखला, छाला सुख्खा हुने, जोर्नी दुखाई, पिनास, टन्सिल, हृदयघात लगायतका स्वास्थ्य समस्या देखा पर्न सक्छन् ।
- बालबालिका, वृद्धवृद्धा तथा दीर्घरोगीहरू बढी प्रभावित हुन सक्छन् ।
- चिसो मौसममा बाक्लो र न्यानो कपडा लगाऔं।
- तातो, पोषिलो र झोलिलो खानेकुरा खाऔं र खुवाऔं।
- शारीरिक व्यायाम गरौ, धुम्रपान/मद्यपान नगरौं।
- घर तथा कोठा न्यानो बनाऔं।
- नियमित घाम ताप्ने गरौं।

**स्वास्थ्यमा समस्या देखिए चिकित्सकको परामर्श लिऔं ।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**


सम्पादक/प्रकाशक : देवेन्द्र चुडाल • कार्यालय : बुद्धनगर, काठमाडौं • फोन : ४७९०२९५, मो. : ९८४१२५४८८५ • इमेल : devendrachudal@gmail.com • मुद्रण : सुनगाभा प्रिन्टिङ प्रेस, बागबजार